प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

# पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०८२

स्वीकृत मितिः २०८२।१२।२२।०१

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

# पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०८२

**प्रस्तावनाः** प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय मातहत निकायहरुवाट पशुपन्छीको व्यवसायिक उत्पादन प्रवर्द्धन, पशु स्वास्थ्य सेवा, पशु उपचार सेवा, पशु आहारा प्रवर्द्धन, पशुपन्छी तथा मत्स्य रोग नियमन, मत्स्य उत्पादन प्रवर्द्धन तथा मत्स्य उपचार र विभिन्न पशुपन्छीजन्य उत्पादन र बजार प्रवर्द्धन सम्बन्धि कार्यलाई व्यवस्थित र एकरुपता कायम गरी न्यूनतम नर्म्स बनाई संचालन गर्न आवश्यक देखिएकोले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ को अधिकार प्रयोग गरी यो पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०८२ तयार गरी लागू गरीएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम "पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०८२" रहेको छ।

(२) यो नर्म्स मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नर्म्समा,-

(क) "ऐन" भन्नाले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ सम्झनु पर्छ।

(ख) "कार्यालय/विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ग) "तालिम केन्द्र" भन्नाले पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरीलाई सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ सम्झनु पर्छ।

(ङ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(च) "प्रयोगशाला" भन्नाले पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## पशु स्वास्थ्य कार्यक्रम

**३. पशुपन्छी उपचार कार्यक्रमः**

**(क) उद्देश्य**

- पशुपन्छीको औषधोपचार तथा स्वास्थ्य सेवा प्रदान गर्नु ।

**(ख) प्राविधिक मापदण्डः**

- मेडिकल, सर्जिकल, गाइनोक्लोजिकल तथा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउनु पर्नेछ ।
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य सम्बन्धी आवश्यक उपचार सेवा उपलब्ध गराउनुपर्नेछ ।
- यस कार्यक्रम मार्फत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा उपलब्ध बजेट अनुसार देहायका औषधी, रसायन तथा सर्जिकल सामग्री डिस्पेन्सरीमा व्यवस्थापन र सेवाग्राहीलाई उपलब्ध गराउन सकिनेछ।

1. Antiseptics, Cotton, Gauze, Bandage, Suturing Materials, Examination tools, Surgical tools, Aanesthesia.

१ प्रदेश सचिव मा. इस्माईल मन्सुरी मन्त्री

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
नेपाल

2. Emergency medicines:- Antidotes, Antihistamines, Corticosteroids, Analeptics, CNS stimulants/depressant, Bronchodilators, Emetics and Anti-Emetics Rehydration fluids, Hemostats, Analgesics and Anti inflammatory & Antibiotics.
3. Antihelmintics, Supplements, Mineral Mixture, Medicines for infertility and other required medicines.

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा ल्याईएको पशुपन्छीको उपचारका लागि प्रदेश सरकारबाट तोकिए अनुसारको राजस्व रकम लिई सेवा उपलव्ध गराउनु पर्नेछ ।
- कार्यालयबाट उपचार सेवा उपलब्ध गराईएको पशुपन्छीको विवरण अनिवार्य रुपमा उपचार सेवा पुस्तिकामा अभिलेख गरी राख्नु पर्नेछ ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि डिस्पेनसरी/ओ.पी.डी.मा आवश्यक औषधी, रसायन तथा सर्जिकल सामग्रीहरु खरिद स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।

**४. प्रयोगशाला सेवा सञ्चालनः**

**(क) उद्देश्यः**

- भेटेरिनरी अस्पतालबाट पशुपन्छी तथा मत्स्य रोग निदानको लागि प्रयोगशाला सेवा प्रदान गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- कृषकहरुलाई सामान्य तथा विशिष्टिकृत प्रयोगशाला सेवा उपलब्ध गराउनु पर्नेछ।
- परीक्षण अनुसारका उपयुक्त र सही तरिकाले ढुवानी गरेको नमुना (Sample) हुनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- भेटेरिनरी अस्पतालमा ल्याईएको पशुपन्छीको रोग निदान र नमूना परीक्षणका लागि प्रदेश सरकारबाट तोकिए अनुसारको राजस्व रकम लिई निम्नानुसारका उपलव्ध सेवा उपलब्ध गराउन सकिने छ।
- Faecal, Milk, Blood, Urine examination
- Bacterial culture and antibiotic sensitivity test
- Skin Scrapping test
- Post mortem examination
- Sample collection for surveillance and diagnostic purpose
- Rapid Test for different disease
- Avian Influenza, ND, IBD, Rabies, PPR, Zoonotic diseases etc.
- X-ray, Ultrasound, Endoscopy services
- Pregnancy diagnosis with different methods
- Biochemical & Serological tests for specific disease condition
- Water quality test of pond
- Diagnostic test for fish diseases



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
भूमि, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक रसायन तथा सामाग्रीहरु स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।

**५. भेटेरिनरी अस्पतालको प्रयोगशाला सुदृढीकरण कार्यक्रमः**

(क) उद्देश्य

- प्रयोगशाला सेवा प्रभावलाई स्तरीय बनाउनु ।

(ख) प्राविधिक मापदण्डः

- प्रयोगशालामा आवश्यकता अनुसार निम्नानुसारका कक्षहरुको व्यवस्थापन एवं सुदृढिकरण गर्नु पर्नेछः-
  - ✓ Parasitology
  - ✓ Hematology
  - ✓ Microbiology
  - ✓ Post-mortem Room
  - ✓ Sterilization Room
- उपकरण, मेसिन, केमिकल तथा रिएजेन्ट र अन्य प्रयोगशाला सामाग्रीको व्यवस्थापन गर्नु पर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- कार्यालयले प्रयोगशालाको वर्तमान अवस्था बिश्लेषण गरी कार्य योजना बनाइ कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक भौतिक संरचनाको व्यवस्थापन एवं सुदृढिकरण तथा उपकरण, मेशिन, केमिकल तथा रिएजेन्ट र अन्य प्रयोगशाला सामाग्री स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।

**६. आकस्मिक उपचार तथा पशुपन्छीजन्य महामारी रोग नियन्त्रण सेवाः**

(क) उद्देश्य

- अकस्मात कुनै व्यवसायिक पशुपन्छी फार्म वा पशुपन्छी पालन क्षेत्रमा अज्ञात रोग वा महामारी जन्य संक्रामक रोग देखा परी धेरै संख्यामा पशुपन्छी बिरामी परेमा वा मृत्यु भएको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्य सञ्चालन गर्नु।

(ख) प्राविधिक मापदण्डः

- स्थानीय तह तथा निजी पाराभेटको सहकार्यमा रोग फैलिएको फार्म वा क्षेत्र सम्बन्धमा कार्यालयले रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash Report) तथा विस्तृत विवरण तयार गर्नु पर्नेछ।



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- रोग निदान तथा नियन्त्रण सम्वन्धि निर्णय तथा कार्य गर्न गराउन निम्नानुसारको एक (Provincial Emergency Disease Investigation Team) (PEDIT) रहनेछ:-

१. निर्देशक, निर्देशनालय - संयोजक
२. बरिष्ठ पशु चिकित्सक/बरिष्ठ पशु विकास अधिकृत वा अधिकृत प्रतिनिधि, मन्त्रालय - सदस्य
३. बरिष्ठ पशु चिकित्सक/बरिष्ठ पशु विकास अधिकृत, निर्देशनालय - सदस्य
४. सम्बन्धित कार्यालय/विज्ञ केन्द्र प्रमुख - सदस्य
५. प्रयोगशाला प्रमुख वा अधिकृत प्रतिनीधि - सदस्य
६. पशु चिकित्सक वा सहायक, पशु स्वास्थ्य तथा इपिडेमियोलोजि शाखा, निर्देशनालय-सदस्य सचिव

- यस समितिमा आवश्यकता अनुसार दुई जना विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।
- रोग नियन्त्रणका लागि आवश्यकता अनुसार Ring Vaccination गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले **अनुसूची-१** अनुसारको रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash Report) निर्देशनालय र प्रयोगशालामा पठाउनु पर्नेछ।
- निर्देशनालयले (PEDIT) को बैठक राख्नु पर्नेछ र रोग निदान तथा नियन्त्रण सम्वन्धि गरीएको निर्णय कार्यान्वयन गराउनु पर्नेछ ।
- बैठकको निर्णय अनुसार कार्यालयले रोग नियन्त्रणका लागि आवश्यक औषधी, खोप तथा अन्य लजिस्टिक व्यवस्था गराउनु पर्नेछ र रोग नियन्त्रण कार्य गराउनु पर्नेछ।
- (PEDIT) को बैठकको निर्णय प्राप्त नभएसम्म कार्यालयले रोग नियन्त्रणका प्रारम्भिक कार्य गर्दै गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक औषधी, खोप र अन्य लजिस्टिक सामाग्री स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।
- आकसमिक रोग फैलिएको अवस्थामा बाहेक यो कार्यक्रममा विनियोजित बजेट खर्च गर्न पाइने छैन।



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, नेपाल

## ७. पशुपन्छी सम्बन्द्ध क्षतीको राहत वितरण कार्यक्रमः

**(क) उद्देश्य**

- प्राकृतिक प्रकोप, विपद् तथा महामारी जन्य क्षति वापत पशुपन्छीपालन व्यवसायलाई पुनर्स्थापना गर्न पिडित कृषक परिवारलाई राहत वितरण गर्ने।

**(ख) प्राविधिक मापदण्डः**

- प्राकृतिक प्रकोप, विपद् तथा महामारी जन्य क्षतिको जानकारी सम्बन्धित स्थानीय तहको सिफारिस सहित विज्ञ केन्द्रमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।
- विपद्जन्य क्षति अन्तर्गत प्रदेश तथा स्थानीय तहबाट संचालन हुने पशुपन्छी खोप कार्यक्रम अन्तर्गत खोप लगाएको कारणबाट कुनै पशुको मृत्यु भएमा समेत राहत वितरण गर्न सकिनेछ ।
- क्षतिको विवरण माग गर्दा सम्बन्धित स्थानीय वडाको मुचुल्का, प्रहरी मुचुल्का र स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र अनिवार्य हुनुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- विज्ञ केन्द्रले क्षतिको अध्ययन गरी अनुसूची- ३ बमोजिम अनुमानित लागतको विवरण सहितको प्रतिवेदनका तयार आधारमा राहत वितरण समितिले निर्णय गर्नु पर्नेछ। जिल्ला विपद् व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।
- राहत वितरण सम्बन्धि निर्णय तपसिल अनुसारको राहत वितरण समितिले गर्नु पर्नेछ।

| | | |
|---|---|---|
| १. | विज्ञ केन्द्रको कार्यालय प्रमुख | - संयोजक |
| २. | प्रमुख प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| ३. | प्रमुख/प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| ४. | प्रमुख/प्रतिनिधि, कृषि ज्ञान केन्द्र | - सदस्य |
| ५. | योजना शाखा प्रमुख, विज्ञ केन्द्र | - सदस्य सचिव |

- राहत वितरण समितिले गरेको निर्णय जिल्लास्थित विपद् व्यवस्थापन समितिमा स्वीकृति तथा अनुमोदनका लागि पेश गर्नु पर्नेछ।
- जिल्ला विपद् व्यवस्थापन समितिले स्वीकृत तथा अनुमोदन गरे पश्चात विज्ञ केन्द्रले क्षति वापतको राहत रकम उपलब्ध गराउने छ।

**(घ) आर्थिक मापदण्डः**

- प्राकृतिक प्रकोप तथा विपदजन्य क्षति वापत पशुपन्छीपालनमा तपसिल बमोजिम राहत वितरण गरीनेछः-

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

| क्र.स. | पशुको किसिम | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सिमा |
|---|---|---|---|---|
| १. | (क) गाई/भैसी/घोडा/खच्चर (३-६ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति गोटा |
| | (ख) गाई/भैसी/घोडा/खच्चर (७-१२ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दश हजार प्रति गोटा |
| | (ग) गाई/भैसी/घोडा/खच्चर (१३-१८ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु बाह्र हजार प्रति गोटा |
| | (घ) गाई/भैसी/घोडा/खच्चर (>१८ महिना) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु बिस हजार प्रति गोटा |
| २. | (क) बंगुर (१-३ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई हजार प्रति गोटा |
| | (ख) बंगुर (४-६ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु चार हजार प्रति गोटा |
| | (ग) बंगुर (७-१२ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु छ हजार प्रति गोटा |
| | (घ) बंगुर (१२ महिना भन्दा बढी सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दश हजार प्रति गोटा |
| ३. | (क) भेडा/बाखा (१-३ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु एक हजार प्रति गोटा |
| | (ख) भेडा/बाखा (४-६ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई हजार प्रति गोटा |
| | (ग) भेडा/बाखा (७-१२ महिना सम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु चार हजार प्रति गोटा |
| | (घ) भेडा/बाखा (१२ महिना भन्दा बढी) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति गोटा |
| ४. | श्रम गर्ने पशु २ बर्ष माथिका वयस्क पशु मात्र | मरेमा वा अपाङ्ग भएमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति गोटा |
| ५. | (क) माछा भुरा (१ महिना सम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु एक प्रति गोटा |
| | (ख) माछा भुरा (२ महिना देखि ३ महिना सम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई प्रति गोटा |
| | (ग) खाने माछा (४ महिना माथि) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु पचास प्रति के.जी. |
| ६. | (क) रेन्बो ट्राउट/असला (फ्राई) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई प्रति गोटा |

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

| क्र.स. | पशुको किसिम | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सिमा |
|---|---|---|---|---|
| | (ख) रेन्बो ट्राउट/असला (फिंगरलिगं) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु पाँच प्रति गोटा |
| | (ग) रेन्बो ट्राउट/असला (खाने माछा) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई सय प्रति के.जी. |
| ७. | (क) लोकल कुखुरा/गिरीराज/हाँस (४ महिना भन्दा माथिको) | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दुई सय पचास प्रति गोटा |
| ८. | लेयर्स | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई सय प्रति गोटा |
| ९. | ब्रोइलर | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु एक सय प्रति गोटा |
| १०. | अष्ट्रिच | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु तिन हजार प्रति गोटा |
| ११. | पशु गोठ | पूर्ण वा आंशिक | क्षेत्रफल र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट एक सय |
| १२. | कुखुराको खोर | पूर्ण वा आंशिक | क्षेत्रफल र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु पचास |
| १३. | (क) माछा पोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफल र लागत अनुमानका आधारमा | रु एक लाख सम्म प्रति हेक्टर |
| | (ख) रेन्बो ट्राउट रेश्वे पोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफल र लागत अनुमानका आधारमा | रु पाँच सय प्रति वर्ग मिटर |
| १४. | अन्य | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानका आधारमा | समितिले तय गर्ने |

- सम्बन्धीत स्थानीय तहले प्रदेश सरकारवाट सर्शत अनुदानमा पशुपन्छी सम्बन्धी क्षतिपूर्तिको लागी प्राप्त वजेट उल्लेखित नर्म्स अनुसार जिल्ला विपद् व्यवस्थापन समितिवाट अनुमोदन गराई खर्च गर्न सकिनेछ।

## ८. व्यवसायिक पशु फार्महरुमा एकीकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा कार्यक्रमः (Herd Health Program)

**(क) उद्देश्य**

- व्यवसायिक पशु फार्महरुमा विषेशज्ञ घुम्ती टोलीको माध्यमबाट गोठ/खोरमानै विशेषज्ञ सेवा उपलब्ध गराउनु।

**(ख) प्राविधिक मापदण्डः**



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- सेवा उपलब्ध गराइने पशु फार्म नियमानुसार दर्ता/सूचीकरण तथा नवीकरण भएको हुनुपर्ने।
- घुम्ती टोलीमा कम्तिमा दुई जना पशु चिकित्सक र प्रयोगशालाका प्राविधिक सहितको विज्ञ टोली समावेश भएको हुनुपर्ने।
- आवश्यकता अनुसार विज्ञ टोलीमा बाह्य विज्ञहरुलाई सहभागी गराउन सकिनेछ।
- एउटा एकीकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा संचालन गर्दा कम्तिमा साना र ठुला गरी एक सय वटा पशु वा दश वटा फार्मलाई सेवा उपलब्ध गराउनु पर्नेछ।
- कार्यक्रमको स्वीकृत बजेट अनुसार जैविक सुरक्षा तथा उपचारका लागि फार्मलाई आवश्यक महत्वपूर्ण औषधी तथा पशु स्वास्थ्य सामाग्री उपलब्ध गराउनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कृषकको निवेदन वा कार्यालयले आफ्नो अभिलेखको आधारमा सेवा उपलब्ध गराइने फार्मको विवरण तयार गर्ने ।
- कार्यक्रमको लागि कार्यालयले आवश्यक पर्ने औषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको व्यवस्थापन गर्नु पर्नेछ।
- विषेशज्ञ घुम्ती टोली सहित पशु फार्ममा गई स्थलगत रुपमा विशेषज्ञ सेवा उपलब्ध गराउने।
- उपलव्ध गराइएको सेवाको अभिलेख तथा परामर्शका लागि अनुसूची-४ प्रयोग गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि विज्ञ सेवा तथा औषधी र अन्य लजिस्टिक सामाग्री खरिद तथा व्यवस्थापन स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।

**९. पशुपन्छी स्वास्थ्य तथा बाँझोपन शिविर संचालनः**

**(क) उद्देश्य**

- पशु स्वास्थ्य सेवा नपुगेको ठाउँमा सामुदायिक स्तरमा पशु स्वास्थ्य सेवा पुर्याउनु।
- व्यवसायिक पकेट क्षेत्रका पशुहरुमा भएको बाँझोपन, उल्टिने लगायतका अन्य समस्याहरु समाधान गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- स्थानिय तह वा अन्य समूह/ समिति/संघ/संस्था/सहकारीसंग सहकार्य गरी शिविर संचालन गराउनु पर्नेछ।
- शिविरमा अनुसूची-५ अनुसारको विज्ञ सहितको प्राविधिक टोली सहभागी गराउनु पर्नेछ।
- एउटा शिविरमा कम्तीमा साना र ठुला गरी एक सय वटा पशुलाई सेवा उपलब्ध गराउनु पर्नेछ।



प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- पशुपन्छी स्वास्थ्य तथा बाँझोपन सम्बन्धी संयुक्त शिविर वा छुटा छुट्टै शिविर संचालन गर्न सकिनेछ।
- शिविरका लागि आवश्यक महत्वपूर्ण औषधी, सप्लिमेन्ट तथा अन्य लजिस्टिक व्यवस्था गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- स्थानिय तह वा अन्य समूह/ समिती/संघ/संस्था/सहकारी बाट माग भएमा वा कार्यालयले आवश्यकता महशुस गरेको ठाउँमा कम्तिमा सात दिन अगाडी प्रचार प्रसार गरी शिविर संचालन गर्नु पर्नेछ।
- शिविरमा सेवा पुर्याएका पशुपन्छीको रेकर्ड राखु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि विज्ञ सेवा तथा महत्वपूर्ण औषधी, सप्लिमेन्ट तथा अन्य लजिस्टिकको खरिद तथा व्यवस्थापन स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।

**१०. पशुपन्छी रोग सर्भिलेन्स कार्यक्रमः**

**(क) उद्देश्य**

- पशुपन्छीजन्य संक्रामक रोग, जुनोटिक रोग तथा अज्ञात रोगको पहिचान गरी रोग फैलिनबाट रोक्न र नियन्त्रणका लगि प्रभावकारी उपायहरु कार्यान्वयन गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- सर्भिलेन्स कार्यको लागि रोग फैलिन सक्ने श्रोतको पहिचान गरी व्यवसायिक पशुपन्छी फार्म, पशुपन्छी हाट बजार, राजमार्ग आसपासका क्षेत्र, अन्तर जिल्ला सिमाना लगायतको क्षेत्रलाई मुख्य प्राथमिकतामा राखु पर्नेछ।
- सर्भिलेन्स कार्यमा स्थानिय तह, निजी पाराभेट तथा अन्य संस्थाहरुसंग सहकार्य/सहभागी गराउन सकिनेछ।
- सर्भिलेन्स कार्यक्रम संचालन गर्दा निम्न रोगहरुलाई प्राथमिकतामा राखी संचालन गर्नुपर्नेछ।
    - Bovine Tuberculosis
    - Bovine Brucellosis
    - Trypanosomiasis
    - Enterotoxaemia
    - Avian Influenza
    - PPR
    - Foot & Mouth Disease (FMD)
    - Classical Swine fever
    - Lumpy Skin Disease
    - Rabies
    - Salmonellosis in poultry
    - New emerging diseases of sudden onset

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल



प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- ➢ African Swine Fever disease

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- सर्भिलेन्स कार्य संचालनपूर्व त्रैमासिक Surveillance Plan तयार गरी र सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।
- Surveillance route तयार गरी अवलम्बन गर्नु पर्नेछ।
- आवश्यक पर्ने Rapid test kit, औषधी, प्रयोगशाला सामग्री, उपकरण, मसलन्द खरिद गर्नु पर्नेछ।
- आवश्यक नमूना संकलन गरी प्रयोगशालामा पठाउनु पर्नेछ।
- प्रत्येक सर्भिलेन्स कार्यको रिपोर्ट माथिल्लो निकाय तथा सम्बन्धित फार्म/संस्थालाई उपलब्ध गराउनु पर्नेछ।
- कार्यालयले बार्षिक रुपमा सर्भिलेन्स कार्यको प्रगति प्रतिवेदन तयार गरी माथिल्लो निकायमा प्रेषण गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि Rapid test kit, औषधी, प्रयोगशाला सामग्री, उपकरण, मसलन्दतथा अन्य लजिस्टिक खरिद तथा व्यवस्था स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।

## ११. भेटेरिनरी नियमन कार्यक्रमः

**(क) उद्देश्य**

- भेटेरिनरी औषधी तथा जैविक पदार्थ, पशुपन्छी फार्म, ह्याचरी र पशु नश्लको गुणस्तर कायम गराउनु।
- भेटेरिनरी निरीक्षण कार्यक्रम कार्यान्वयन गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- प्रचलित कानुनले तोकेको भेटेरिनरी निरीक्षकको संलग्नतामा कार्यक्रम संचालन गर्नु पर्नेछ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६ ले भेटेरिनरी निरीक्षकलाई दिएको अधिकार प्रयोग गरी कार्यक्रम संचालन गराउनु पर्नेछ।
- सरोकारवाला निकायका प्रतिनिधीलाई आवश्यकता अनुसार कार्यक्रममा सहभागी गराउनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालय प्रमुख तथा भेटेरिनरी निरीक्षकले निरीक्षण योजना बनाई कार्यक्रम संचालन गर्नु पर्नेछ।
- यस कार्यक्रम अन्तर्गत निम्नानुसारका क्रियाकलपाहरु संचालन गर्नु पर्नेछः-
  - ➢ पशु औषधी तथा जैविक पदार्थको भण्डारणको निरीक्षण।
  - ➢ पशुपन्छी फार्म, ह्याचरी, मासु/दाना/डेरी पसल तथा पशुजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको निरीक्षण



प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- ➢ पशुपन्छी रोग सर्भिलेन्स।
- ➢ पशु नश्ल सुधारका क्रियाकलापको अनुगमन।
- ➢ भेटेरिनरी जनचेतना मूलक क्रियाकलाप।
- ➢ पशु स्वास्थ्यकर्मी दर्ता तथा परिचालन।

**(घ) आर्थिक मापदण्डः**

- स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्न सकिने र नियमानुसार दैनिक भ्रमण भत्ता र व्यवस्थापकिय खर्चको व्यवस्थापन गर्नु पर्नेछ ।

**१२. पशु स्वास्थ्यकर्मीको अभिलेखिकरण तथा परिचालनः**

**(क) उद्देश्य**

- प्रचलित कानुन अनुसार दर्ता भएका जिल्लामा रहेका निजी पशु स्वास्थ्यकर्मीको अभिलेख तयार तथा सूचिकृत गरी त्यस्ता पशु स्वास्थ्यकर्मीलाई पशु स्वास्थ्य सेवामा परिचालन गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- Vet JTA/JT/CLA/VAHW लाई सूचिकृत गर्नु पर्नेछ।
- Vet JTA/JT/CLA का लागि र VAHW का लागि छुट्टा छुट्टै अभिलेख पुस्तिका राख्नु पर्नेछ।
- प्रचलित कानुन अनुसार दर्ता भएका Vet JTA/JT/CLA/VAHW प्राविधिकको नाम, ठेगाना, शैक्षिक योग्यता , तालिम, अनुभव, कार्यक्षेत्र आदि संलग्न तथ्यांकको अभिलेख राख्नु पर्नेछ।
- पशु स्वास्थ्यकर्मीलाई पशुपन्छी रोगको रोकथाम तथा नियन्त्रण तथा अन्य पशुपन्छी विकास कार्यमा परिचालन गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले अभिलेख पुस्तिका मार्फत दर्ता अभिलेख राख्ने र वार्षिक रुपमा विवरण अद्यावधिक गर्नु पर्नेछ।
- पशु स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने।
- कार्यालयले पशु स्वास्थ्यकर्मीबाट त्रैमासिक रुपमा कार्य प्रगति माग गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- पशु स्वास्थ्यकर्मीको अभिलेख राख्न आवश्यक व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्न सकिनेछ।

**१३. आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण कार्यक्रमः**

**(क) उद्देश्य**

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- स्थलगत रुपमा पशुहरुको परजिवी नियन्त्रण सेवा मार्फत स्वास्थ्य अवस्थामा सुधार ल्याई पशुपन्छीजन्य उत्पादन वृद्धि गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- यस कार्यक्रम कार्यालयले पहिचान गरेको क्षेत्रमा संचालन गर्नु पर्नेछ।
- कार्यक्रम संचालन गरीने क्षेत्रका पशुको गोबर जाँच तथा छालाको नमूना परीक्षण आवश्यकता अनुसार गर्नु पर्नेछ।
- कृषकलाई आन्तरिक तथा बाह्य परजिवी नियन्त्रणका लागि निम्नानुसारका औषधी निःशुल्क वितरण गर्नु पर्नेछ।
- Antihelmintics- Oxyclozanide, Albendazole, Fenbendazole, Praziquantel, Rafoxanide etc.
- Ivermectin inj., Cypermethrine, Pour-on liquids, Amitraz etc.

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कृषकहरुको पशु संख्या एकिन गरी कार्यक्रम बजेट अनुसार औषधी उपलब्ध गराउनु पर्नेछ।
- कृषकहरुलाई औषधी प्रयोग सम्बन्धी जानकारी/प्रदर्शनगर्नुपर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक औषधीहरु बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्न सकिनेछ।
- कृषकलाई औषधी प्रयोग सम्बन्धी प्रदर्शनी खर्च गर्नु पर्ने भएमा प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९" अनुसार गर्नु पर्नेछ।

**१४. थुनेलो रोग नियन्त्रण कार्यक्रमः**

**(क) उद्देश्य**

- व्यवसायिक गाई/भैंसी फार्म तथा थुनेलो रोगको बढी प्रकोप रहेको क्षेत्रमा थुनेलो रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउनु।

**(ख) प्राविधिक मापदण्डः**

- व्यवसायिक गाई/भैंसी फार्म तथा थुनेलो रोगको बढी प्रकोप रहेको क्षेत्रलाई प्राथमिकतामा राखी यो कार्यक्रम संचालन गर्नु पर्नेछ।
- दूधको नमूना संकलन गरी California Mastitis Test (CMT) वा Mastrip Test गराउनु पर्नेछ।
- Teat Dipping प्रविधि प्रदर्शन गराउनु पर्नेछ।
- आवश्यक भएमा Antibiotic Sensitivity Test (AST) समेत गर्नु पर्नेछ।
- दूधको नमूना संकलन गर्दा Aseptic तरिका अवलम्बन गर्नुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यक्रम संचालनका लागि कार्यालयले फार्म तथा संभाव्य क्षेत्रहरु छनौट गराउनु पर्नेछ।
- दूधको नमूना संकलन गरीआवश्यक विधिबाट परीक्षण गर्नुपर्नेछ।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- कृषकलाई Teat Dipping सम्बन्धी उपकरण, Povidine iodine solution, Glycerine का साथै थुनेलो रोग नियन्त्रणका लागि केही आवश्यक औषधी तथा सप्लिमेन्ट वितरण गराउनु पर्नेछ।
- कृषकलाई परीक्षण रिपोर्ट, रोग नियन्त्रणका लागि आवश्यक परामर्श तथा औषधी उपकरण उपलब्ध गराउने र त्यसको अभिलेख राख्नुपर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक औषधी तथा सामाग्रीहरु खरिद बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्न सकिनेछ।
- कृषकहरुलाई औषधी प्रयोग सम्बन्धी प्रदर्शनी खर्च गर्नु पर्ने भएमा प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार गर्नुपर्नेछ।

**१५. जुनोटिक रोग नियन्त्रण कार्यक्रमः**

**(क) उद्देश्य**

- जुनोटिक रोगको (मानिसबाट पशुमा र पशुबाट मानिसमा सर्ने रोग) अवस्था एकिन तथा रोकथाम गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- यस कार्यक्रम अन्तर्गत निम्नानुसारका जुनोटिक रोगलाई प्राथमिकतामा राखी सर्भिलेन्स तथा रोकथाम कार्य संचालन गर्नु पर्नेछ।
- Bovine Tuberculosis, Bovine Brucellosis, Leptospirosis, Rabies
- Cysticercosis/Hydatidosis, Salmonellosis, Toxoplasmosis, Avian Influenza
- यस कार्यमा जनस्वास्थ्य सम्बद्ध निकायसंग समेत समन्वय गर्नु पर्नेछ।
- रोग अनुसार आवश्यक पर्ने Rapid test kit, औषधी, प्रयोगशाला सामग्री, उपकरण, मसलन्द आदिको व्यवस्थापन गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- जुनोटिक रोग सर्भिलेन्स कार्यका लागि Surveillance Plan तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।
- सर्भिलेन्स कार्यमा स्थानिय तह, निजी पाराभेट तथा अन्य संस्थाहरुसंग समन्वय गर्नु पर्नेछ।
- आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गराउनु पर्नेछ।
- रोगको रोकथाम तथा उपचारका लागि आवश्यक जनचेतना अभिवृद्धि कार्यक्रम र कृषकलाई आवश्यक औषधी तथा सामाग्री उपलब्ध गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक Rapid test kit, औषधी, प्रयोगशाला सामग्री, उपकरण, मसलन्द खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्न सकिनेछ।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

## १६. रोग नियन्त्रणका लागि पशुपन्छीहरुमा खोप (FMD/HS-BQ/ PPR /CSF/ND) कार्यक्रमः

(क) उद्देश्य

- विभिन्न किसिमका पशुपन्छीको संक्रामक तथा महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रण गर्नु।

(ख) प्राविधिक मापदण्डः

- यस कार्यक्रम अन्तर्गत खोरेत/एच्.एस.बी.क्यू/पि.पि.आर/.स्वाइन फिवर/रानीखेत रोग विरुद्धको खोप कार्य संचालन गरीनेछ। यस कार्यक्रम अन्तर्गत एल.एस.डी. (LSD) लाई समेत समेट्न सकिनेछ।
- यो कार्यक्रम संघ ,प्रदेश र स्थानिय तहको सहकार्यमा राष्ट्रिय पशुपन्छी खोप कार्यक्रम अनुसार संचालन गर्नु पर्नेछ।
- यो कार्यक्रम संचालनका लागि 'संघीय पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि' तथा प्रदेश सरकारद्वारा स्वीकृत 'खोरेत रोग नियन्त्रण आयोजना संचालन सम्बन्धी कार्यविधि, २०८१ समेत पालना गर्नु पर्नेछ।
- खोप कार्यक्रम संचालन गर्दा रोग फैलिन सक्ने जोखिम क्षेत्रको पहिचान गरी व्यवसायिक पशुपन्छी फार्म, पशुपन्छी हाट बजार, राजमार्ग आसपासका क्षेत्र, अन्तर जिल्ला सिमाना लगायतको क्षेत्रलाई मुख्य प्राथमितकतमा राख्नु पर्नेछ अर्थात रणनीतिक खोप कार्य संचालन गर्नु पर्नेछ। भ्याक्सिनेशन गर्न नर्मल तथा अटोमेटिक सिरिन्जको प्रयोग गर्न सकिनेछ।
- खोप भण्डारण तथा ओसार पसारमा कोल्ड चेन (Cold Chain) कायम गरीएको हुनु पर्नेछ।
- खोप लगाउनका लागि खोपकर्ता/भ्याक्सीनेटरको रुपमा ग्रा.प.स्वा.का/. सि.एल.ए/. जे.टी.ए/. जे.टी .र आवश्यक परेमा पशु चिकित्सकलाई नियुक्त गर्नु पर्नेछ। यसका लागि नीजि तथा सरकारी दुवै किसिमको जनशक्ति प्रयोग गर्न सकिनेछ ।
- आवश्यकता अनुसार कुनै जिल्लामा पूर्ण खोप (Mass or Blanket Vaccination) अभियान कार्यक्रमको रुपमा संचालन गर्न सकिनेछ।
- खोप कार्य सम्प्न्न भएको एक्काइस दिनपछी Sero-surveillance/Sero-monitoring गर्नु पर्नेछ। तर खोरेत रोग नियन्त्रण कार्यक्रम/आयोजना अन्तर्गत खोप लगाउने दिन र खोप लगाएको २१ दिन पछि गरी दुई पटक Sero-surveillance को लागि नमूना संकलन गर्नु पर्नेछ।
- उपरोक्त बमोजिमका रोग बाहेक अन्य नयाँ रोग (Emerging & Re-emerging Diseases) विरुद्धको खोप कार्य समेत यसै कार्यक्रम बमोजिम संचालन गर्न सकिनेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- खोप कार्यक्रम संचालनका लागि निर्देशनालयले खोप तालिका तयार गरी विज्ञ केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- विज्ञ केन्द्रले खोप कार्य संचालनका लागि स्वीकृत कार्यक्रम बजेट बमोजिम नियमानुसार मसलन्द समाग्री (Logistics) , उपकरण, सप्लीमेन्ट, औषधी तथा अन्य व्यवस्थापकीय सामाग्री खरिद गर्नु पर्नेछ।
- यस कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त हुने खोप बाहेक निर्देशनालय तथा विज्ञ केन्द्रले आवश्यकता अनुसार थप खोप समेत खरिद गर्न सक्नेछ ।
- स्वीकृत बजेटको परिधिमा रही अधिकतम संख्यामा **अनुसूची-६** अनुसारका सामग्रीहरु खोप कर्तालाई उपलब्ध गराउनु पर्नेछ।
- विज्ञ केन्द्रले स्थानीय तहको प्राविधिकहरुसंग बैठक बसी खोप कार्यक्रमवारे छलफल गर्नुपर्नेछ।
- स्थानीय तहका पशु सेवा शाखाले पालिकाले प्राप्त गर्ने खोप संख्याको आधारमा खोपकर्ता/भ्याक्सीनेटर नियुक्ति वा सिफारिस गरी विज्ञ केन्द्रमा पठाउनुपर्नेछ।
- विज्ञ केन्द्र आफैंले समेत सूचना जारी गरी स्थानीय तहको सिफारिसको आधारमा खोपकर्ता नियुक्त गर्न सकिनेछ।
- खोपकर्ताहरुलाई विज्ञ केन्द्रका साथै सम्बन्धित स्थानीय तहले परिचालन गर्नु पर्नेछ।
- कार्यक्रम संचालनका लागि खोप कार्यमा अन्य संघ/संस्था/सहकारीलाई सहभागी गराउन सकिनेछ।
- खोप कार्य संचालन पूर्व विज्ञ केन्द्र तथा स्थानीय तहले खोपकर्ताहरुलाई अभिमुखिकरण गर्नु पर्नेछ।
- विज्ञ केन्द्रले स्थानीय तहलाई खोप तथा लजिस्टक सामाग्री उपलब्ध गराउनु पर्नेछ र स्थानीय तहले खोपकर्ताहरुलाई उक्त सामाग्री उपलब्ध गराई खोप कार्य संचालन गराउनु पर्नेछ।
- भ्याक्सीनेशन टोलीहरुले Cold Chain Maintenance को व्यवस्था गरी भ्याक्सिन तथा अन्य आवश्यक सामग्री लिई तोकेको ठाउंमा पुगेर भ्याक्सिनगराउनु पर्नेछ र खोप लगाइएको जनावर पहिचान गर्न आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।
- रोग नियन्त्रण तथा खोप कार्यक्रम सम्बन्धि जनचेतना अभिवृद्वि गर्न सूचनामूलक सामग्री तयारी तथा वितरण गर्न सकिनेछ।
- खोप कार्यको अभिलेखिकरण निर्देशनालयद्वारा निर्माण गरीएको सफ्टवेयर/एप्लिकेशन (AVIS) मार्फत वा अनुसूची-७ वमोजिमको फारम बमोजिम गर्नु पर्नेछ र उक्त अभिलेख सम्बन्धित स्थानीय तहको जनप्रतिनीधि वा पशु सेवा शाखा प्रमुखबाट प्रमाणित गराई पशु सेवा शाखाले कम्पाईल गरी विज्ञ केन्द्रमा पठाउनु पर्नेछ।
- खोप लगाईसकेपछि प्रत्येक कृषकलाई अनसुची-८ बमोजिमको खोप कार्ड उपलब्ध गराउनुपर्नेछ।
- भ्याक्सीनेटरहरुलाई प्रमाणित प्रगतिको आधारमा नियमानुसारको पारिश्रमिक उपलब्ध गराउनुपर्नेछ।



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- खोप कार्य सम्पन्न भएपश्चात पशुपन्छी रोग अन्वेषण प्रयोगशालाको समन्वयमा Sero-surveillance गर्नु पर्नेछ।
- खोप कार्यक्रमको प्रगति माथिल्लो निकायमा सम्प्रेषण गर्नुपर्नेछ।
- खोप कार्यक्रम संचालनका आवश्यकता अनुसार समन्वय बैठक ,गोष्ठी संचालन तथा प्रचार प्रसार गर्न सकिनेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सबै प्रकारका खोप ,सप्लीमेन्ट ,उपकरण तथा मसलन्द (Logistics) खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन,२०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका ,२०७९ अनुसार खर्च गर्न सकिनेछ।
- भ्याक्सीनेटरलाई प्रति खोप अनुसूची-९ बमोजिम को पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।
- खोपकर्तालाई विज्ञ केन्द्रबाट उपलब्ध हुने पारिश्रमिकमा स्थानीय तहले थप प्रोत्साहन/सुविधा दिन कुनै बाधा पर्ने छैन।
- संघीय सरकारबाट खोपकर्ताको पारिश्रमिक परिवर्तन भएमा कार्यक्रमको स्वीकृत बजेटको परिधिमा रही सोही अनुसार पारिश्रमिक व्यवस्थापन गर्न सकिनेछ।

**१७. पशुपन्छी तथा मत्स्य फार्ममा जैविक सुरक्षा कार्ययोजना कार्यन्वयन तथा ब्यवस्थापन कार्यक्रमः**

**(क) उद्देश्य**

- स्वस्थ पशु तथा माछा र स्वच्छ तथा गुणस्तरीय पशुजन्य उत्पादन सुनिश्चित गर्नु।
- जुनोटिक तथा अन्य संक्रामक रोगहरु नियन्त्रण गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- पशुपन्छी तथा मत्स्य सम्बन्धि फार्महरु प्रचलित कानुन बमोजिम दर्ता भएको हुनुपर्ने।
- फार्म निरन्तर रुपले संचालन भएको हुनुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- बजेटको परिधिभित्र रहि निम्न अनुसारका क्रियाकलापहरु मध्ये आवश्यकता अनुसार संचालन गर्न सकिनेछ।
- मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रहरुले स्थानिय तहको सहकार्यमा फार्म छनौट गर्ने।
- असल पशुपालन अभ्यास पालना गरी फार्म सञ्चालन।
- Hazard identification and prioritization (Potential disease prioritization)
- Critical control point evaluation (Personal, Vehicles and equipment)
- Mitigation, management and remediation of CCPs (निसंक्रमणको व्यवस्था)
- Contingency planning (Farm boundary, Isolation, Treatment, Vaccination)



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, नेपाल

प्रदेश सचिव

डा. इस्माईल मन्सुरी
मन्त्री

- Clinical evaluation and diagnostic testing (On-farm, lab)
- Disease surveillance and monitoring
- Veterinary Inspection
- फार्ममा मरेका पशु तथा मत्स्यहरुलाई उचित तवरले व्यवस्थापन गर्नको लागि Biological pit

**(घ) आर्थिक मापदण्डः**

- स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**१८. रेविज रोग नियन्त्रणका लागि रेविज विरुद्धको खोप कार्यक्रमः**

**(क) उद्देश्य**

- रेविज रोगको रोकथाम तथा नियन्त्रण गर्न।

**(ख) प्राविधिक मापदण्डः**

- भेटेरिनरी अस्पतालमा ल्याइएका पशुहरुलाई सिफारिस तालिका बमोजिम निःशुल्क रेविज विरुद्धको खोप लगाउनु पर्नेछ। खोप भण्डारण तथा ओसारपसारमा कोल्ड चेन (Cold Chain) कायम गरीएको हुनु पर्नेछ।
- Post-exposure रेविज खोप Day-0,3,7,14,28,90 मा लगाउनु पर्नेछ।
- कुनै क्षेत्रमा रेविज रोगको महामारी देखिएमा यस कार्यक्रमबाट समेत उक्त क्षेत्रमा खोप प्रयोग गर्न सकिनेछ।
- विश्व रेविज दिवशको अवसरमा कार्यालयको ओ.पि.डि./डिस्पेन्सरी बाहेक जिल्लाको अन्य क्षेत्रमा समेत रेविज विरुद्धको निःशुल्क खोप कार्यक्रम संचालन गर्न सकिनेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- रेविज विरुद्धको खोप खरिद, कार्ड छपाई र स्वीकृत बजेट अनुसार नियमित रुपमा बर्षै भरि खोप कार्य संचालन गर्नु पर्नेछ।
- खोप लगाई सकेपछी सोको अभिलेख राख्ने र पशुधनीलाई अनुसूची-१० बमोजिमको खोप कार्ड उपलब्ध गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक मात्रामा रेविज विरुद्धको खोप तथा मसलन्द (Logistics) खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्न सकिनेछ।

**१९. रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुर/बिरालो बन्ध्याकरण शिविरः**

**(क) उद्देश्य**

- सामुदायिक कुकुर/बिरालोको प्रजनन् नियन्त्रण गरी रेविज रोगको रोकथाम तथा नियन्त्रण गर्नु।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी मन्त्री

(ख) प्राविधिक मापदण्डः

- शिविर संचालन गर्दा सर्जरीको न्यूनत्तम सिद्धान्त पालना गरेकै हुनु पर्नेछ।
- शिविरमा सर्जरीका लागि कम्तिमा तिन जना पशु चिकित्सा परिषदमा दर्ता भएका विज्ञ पशु चिकित्सक सामेल भएको हुनु पर्नेछ।
- एउटा शिविरमा भाले र पोथी गरी कम्तीमा एक सयवटा कुकुर/बिरालोलाई बन्ध्याकरण गरी रेविज विरुद्धको खोप समेत लगाउनु पर्नेछ।
- शिविरका लागि सर्जरीमा आवश्यक पर्ने सबै प्रकारका औषधी, सर्जिकल सामग्री र खोप व्यवस्था गर्नु पर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- सामुदायिक कुकुर/बिरालो बन्ध्याकरण शिविर स्थानिय तह वा अन्य संघ/संस्था/सहकारी बाट माग भएमा वा कार्यालयले आवश्यकता महशुस गरेको ठाउँमा स्थानिय तह वा अन्य संघ/संस्था/सहकारीसंग कम्तिमा एक हप्ता अगाडी प्रचार प्रसार गरी संचालन गराउनु पर्नेछ।
- शिविरमा संलग्न पशु चिकित्सक, प्राविधिक तथा अन्य सहयोगीको कार्यविभाजन स्पष्ट रुपमा गरी सोही अनुसार खटाउनु पर्नेछ।
- शिविरमा Pre-OT, OT र Post-care को स्पष्ट व्यवस्था गर्नु पर्नेछ।
- कुकुर/बिरालो बन्ध्याकरण गरी सकेपछि रेविज विरुद्धको खोप लगाउनु पर्नेछ।
- शिविरमा उपलब्ध गराईएको सेवाको विस्तृत अभिलेख राख्नु पर्नेछ।

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक औषधी, सर्जिकल सामग्री, खोप तथा मसलन्द (Logistics) खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्न सकिनेछ।
- शिविरका संचालन सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार परामर्श सेवा खरिद गरी गर्न सकिनेछ।

२०. इपिडेमियोलोजिकल रिपोर्टिंगः

(क) उद्देश्य

- पशुपन्छीहरुमा रोगहरुको अवस्था एकिन गरी रिपोर्टिङ्ग गर्नु।

(ख) प्राविधिक मापदण्डः

- निर्धारित फर्मेटमा मासिक रुपमा स्थानिय तहले कार्यालयमा र कार्यालयले निर्देशनालय तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा इपिडेमियोलोजिकल रिपोर्टिङ्ग गर्नु पर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- कार्यालयबाट गरीएको पशुपन्छी उपचार, निजी पशु चिकित्सक तथा पाराभेट र स्थानिय तह पशु सेवा शाखाबाट प्राप्त पशुपन्छी रोग सम्बन्धी विवरण कम्पाइल गरी निर्धारित फर्मेटमा मासिक रुपमा पठाउनु पर्नेछ।



प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

- विज्ञ केन्द्र तथा स्थानीय तहले इपिडेमियोलोजिकल विवरण अनिवार्य रुपमा National Animal Health Information System **(NAHIS)** प्रणालिमा प्रविष्ट गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- आवश्यक व्यवस्थापिकय खर्चहरु जस्तै रिर्पोट कम्मपाईल, फर्मेट छपाई जस्ता कार्यहरु स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्न सकिनेछ।

**२१. रेविज रोगको जोखिममा रहेका कर्मचारीहरुलाई खोपः**

**(क) उद्देश्य**

- रेविज रोगको जोखिममा रहेका कर्मचारीहरुलाई खोप लगाई जोखिम न्युनिकरण गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- कार्यालय तथा प्रयोगशालामा कार्यरत कर्मचारी हुनु पर्नेछ।
- भेटेरिनरी अस्पतालको ओ.पि.डि./डिस्पेन्सरीबाट पशुको उपचार, खोप सेवा, सर्भिलेन्स तथा रेविज रोग सम्बन्धी प्रयोगशालाबाट रोग निदान सेवा संचालन गरेको हुनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- रेविज तथा अन्य संक्रामक जुनोटिक रोगहरु विरुद्धको Pre-exposure वा Post-exposure खोप खरिद गरी स्वास्थ्यकर्मीको सहयोगमा जोखिममा रहेका कर्मचारीलाई खोप लगाउने र सोको रेकर्ड राख्ने।

**(घ) आर्थिक मापदण्ड**

- खोप खरिद तथा खोप लगाउने सम्बन्धी खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।

**२२. एक स्वास्थ्य कार्यक्रमः (One Health Program):**

**(क) उद्देश्य**

- संघीय तथा प्रादेशिक एक स्वास्थ्य रणनीति (One Health Strategy ) कार्यान्वयन गर्नु।
- एक स्वास्थ्य सम्बन्धी साझा समस्याहरु पहिचान गर्नु, योजना तयार गर्नु र कार्यान्वयन गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- प्रादेशिक एक स्वास्थ्य रणनीतिले निर्दिष्ट गरेको समितिको बैठक संचालन गर्नु पर्नेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- जुनोटिक रोग नियन्त्रण सम्बन्धी पशु स्वास्थ्य तथा जनस्वास्थ्य नियकायको समन्वय तथा संयुक्त कार्यक्रम (Surveillance, Disease Control, Information Sharing, Monitoring etc.) संचालन गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- सरोकारवाला सहभागी संलग्न गराई बैठक तथा गोष्ठी संचालन गर्नु पर्नेछ।
- संयुक्त योजना तथा फर्मेट डिजाइन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।
- दुवै निकाय बीच प्रगति तथा सूचना प्रेषण गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्न सकिनेछ।
- प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७९" अनुसार बैठक तथा गोष्ठी संचालन गर्नु पर्नेछ।

**२३. महामारी रोग नियन्त्रणका लागि द्रुत प्रतिकार्य टोली परिचालनः**

**(क) उद्देश्यः**

- पशुपन्छीमा महामारी वा संक्रामक रोगहरुको प्रकोप हुँदा तत्काल प्रतिकार्य कार्य गर्न टोली गठन गरी रोगको छिटो पहिचान, नियन्त्रण तथा फैलावट रोकथाम गर्न द्रुत प्रतिकार्य टोली गठन तथा परिचालन गरीने छ।

**(ख) प्राविधिक मापदण्डः**

- महामारी रोग फैलिएको अवस्थामा तत्काल रोग पहिचान, नियन्त्रण र रोकथाम गर्न मन्त्रालयले तपशिल अनुसारको सदस्य रहने गरी द्रुत प्रतिकार्य टोली (Rapid Response Team, RRT) गठन गरी परिचालन गर्न सक्नेछ।

<u>तपशिलः</u>

१. संयोजकः विज्ञ केन्द्रको प्रमुख वा प्रमुखले तोकेको प्रतिनिधि

२. सदस्यः विज्ञ केन्द्रको पशु स्वास्थ्य तथा इपिडेमियोलोजी शाखा प्रमुख

३. सदस्यः सम्बन्धित स्थानिय तहको पशु सेवा शाखाको प्रमुख वा प्रतिनिधि

- मन्त्रालयले यस टोलीमा आवश्यकता अनुसार मन्त्रालय, निर्देशनालय र प्रयोगशालाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ। टोलीमा आवश्यकतानुसार दर्तावाल पशु चिकित्सक परिचालनका लागि नेपाल भेटेरिनरी एशोसिएसन कोशी प्रदेशसँग सहकार्य गर्न सकिनेछ।

**(ग) सञ्चालन प्रकृया/कृयाकलापः**

- प्रकोपको प्रारम्भिक जानकारी प्राप्त भए पश्चात् मन्त्रालयले आवश्यक जाँचबुझ गरी यथाशीघ्र टोली गठन गरी सम्बन्धित सबैलाई जानकारी गराउने छ र सम्बन्धित विज्ञ केन्द्रको संयोजकले RRT परिचालन गर्नेछ।
- रोग आउटब्रेक सम्बन्धी जानकारी तथा रिपोर्टिङ्ग भए पश्चत द्रुत प्रतिकार्य टोली यथाशिघ्र (२४ घन्टा भित्र) आवश्यक सामग्री सहित प्रभावित क्षेत्रमा पुगी रोगको



प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

वास्तविक परिस्थिति पहिचान गर्ने र रोगको संवेदनशीलतालाई ध्यानमा राखी रोकथामका लागि आवश्यक कार्यहरु गर्नुपर्नेछ।

- टोलीले निर्देशनालय, मन्त्रालय र सम्बन्धित संघिय निकायमा कार्य विवरण प्रतिवेदन पठाउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- स्वीकृत बजेटको परिधीमा रही प्रचलित ऐन नियमानुसार आकास्मिक रोग पहिचान, नमूना संकलन, उपचार तथा रिपोर्टीङका लागि आवश्यक औषधिजन्य र जैविक सुरक्षाका सामग्रीहरु खरिद गरी प्रयोग गर्न सकिने छ।
- प्रचलित मापदण्ड अनुसार द्रुत प्रतिकार्यमा संलग्न कर्मचारीहरुको दैनिक भ्रमण खर्च स्वीकृत बजेटबाट उलब्ध गराउन सकिनेछ।

**२४. पशुपन्छी रोग नियन्त्रण कार्यक्रमः**

**(क) उद्देश्यः**

- पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा महामारी तथा संक्रामक रोगहरुको प्रकोप न्यूनिकरण तथा रोकथाम गरी स्वस्थ र गुणस्तरिय पशुजन्य पदार्थ उत्पादन वृद्धि गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- स्थानिय तह पशु सेवा शाखाको सहकार्यमा जिल्लाभित्र पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक रोग, बाँझोपन तथा थुनेलोको समस्याहरुको प्राथमिकिकरण गरी आवश्यक कार्य संचालन गर्ने।
- रोगको निदान, उपचार, नियन्त्रण, नमुना संकलन, रोगकको रोकथाम सम्बन्धमा नयाँ प्रविधि प्रदर्शनी र जैविक सुरक्षा अवलम्बन गर्न आवश्यक खोप तथा औषधिजन्य सामग्रीको उपलब्धता गराउने।
- स्थानिय तह तथा निजी पाराभेटको सहकार्यमा रोग फैलिएको फार्म वा क्षेत्र सम्बन्धमा कार्यालयले रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash Report) तथा विस्तृत विवरण तयार गरी निर्देशनालय र प्रयोगशालामा प्रेषण गर्नु पर्नेछ।
- महामारी रोग नियन्त्रणका लागि आवश्यकता अनुसार PEDIT को बैठक बसी निर्णय गर्न सकिनेछ।
- महामारी रोग सम्बन्धमा सूचना सम्प्रेषण तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

**(ग) सञ्चालन प्रकृया/कृयाकलापः**

- स्थानिय तहको सहकार्यमा जिल्लाभित्र पशुपन्छी रोगको प्रकोप तथा महामारीको अवस्थालाई मध्यनजर गरी रोगको प्राथमिकिकरण गरी कार्यक्रम संचालन गर्न सकिने छ।
- रोग नियन्त्रण कार्यक्रम सञ्चालनका लागि कम्तिमा एक जना पशु चिकित्सकको उपस्थितिमा गर्नुपर्नेछ र सो का लागि निर्देशनालय वा मन्त्रालयसँग सहकार्य गर्न सकिने छ।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल
प्रदेश सचिव
मा. इस्माईल मन्सुरी मन्त्री

- कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने पशुपन्छी खोप, औषधी तथा नमुना संकलन र जैविक सुरक्षाका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(घ) **आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक खोप, औषधी, नमूना संकलन तथा जैविक सुरक्षाका सामाग्री, लजिस्टिक सामाग्री खरिद तथा रोग नियन्त्रणका लागि आवश्यक व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्नु पर्नेछ।
- रोगको रोकथाम सम्बन्धमा नयाँ प्रविधि प्रदर्शनी तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा कोशी प्रदेशबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धि निर्देशिका २०७९ बमोजिम हुनेछ।

**२५. खोप कार्य अभिलेखिकरण सफ्टवेयर/एप्लिकेसन (AVIS) संचालन तथा प्रयोगः**

(क) **उद्देश्य**

- पशुपन्छी खोप कार्यलाई समय सापेक्ष प्रविधी मैत्री बनाई अभिलेखिकरण गर्ने।
- खोप कार्यलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउने।

(ख) **प्राविधिक मापदण्ड**

- निर्देशनालयले पशुपन्छी खोप कार्यको डिजिटल अभिलेखिकरण गर्नका लागि उपयुक्त सफ्टवेयर तथा एप्लिकेशन निर्माण गरी संचालनमा ल्याउनु पर्नेछ।
- उपरोक्त सफ्टवेयर तथा एप्लिकेशनको नाम Animal Vaccination Information System (AVIS) रहनेछ।
- सफ्टवेयर वेभ बेस्ड तथा एप्लिकेशन अफलाईन चल्ने हुनु पर्नेछ।
- सफ्टवेयर तथा एप्लिकेशनमा कृषक, पशु तथा खोप कार्यको सम्पूर्ण विवरण प्रविष्ट हुने र सोही अनसारको प्रतिवेदन उपलब्ध हुने खालको निर्माण गरीनु पर्नेछ।
- फिल्डमा प्रयोगको आधारमा विज्ञ केन्द्र, स्थानीय तह तथा खोपकर्ताहरुको पृष्ठपोषणको आधारमा उक्त सफ्टवेयरलाई समय सापेक्ष र आवश्यकता अनुसार अपग्रेडिङ्ग गर्नु पर्नेछ।
- AVIS सफ्टवयरको व्यवस्थापन तथा अपग्रेडिङ्गको जिम्मा निर्देशनालयको रहनेछ।

(ग) **संचालन प्रक्रिया/क्रियाकलाप**

- निर्देशनालयले परामर्श सेवा मार्फत सफ्टवेयर तथा एप्लिकेशनको (AVIS) निर्माण गर्नु पर्नेछ।
- AVIS संचालन गर्नका लागि निर्देशनालय तथा विज्ञ केन्द्रमा १-१ जना फोकल पर्सन तोक्न सकिनेछ।

२३

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी मन्त्री

- AVIS अपग्रेडिङ्ग तथा संचालन सम्बन्धमा विज्ञ केन्द्र, स्थानीय तह तथा सरोकारवालाहरुसंग नियमित रुपमा पृष्ठपोषण संकलन गरीनेछ।
- निर्देशनालयले विज्ञ केन्द्रका प्राविधिकलाई र विज्ञ केन्द्रहरुले स्थानीय तह तथा खोपकर्ताहरुलाई AVIS संचालन सम्बन्धमा अभिमुखिकरण/तालिम संचालन गर्नेछ।
- यस सफ्टवयर संचालनको क्रममा देखिएका समस्याहरु(Bugs) को सामाधान निर्देशनालयले सफ्टवेयर तथा एप्लिकेशन डेभलपर मार्फत गर्नेछ।

**(घ) आर्थिक मापदण्ड**

- सफ्टवेयर तथा एप्लिकेशनको (AVIS) निर्माण, अपग्रेडिङ्ग तथा वार्षिक मेन्टेनेन्स स्वीकृत बजेटको परिधीमा रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र कोशी प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम गरीनेछ।
- अभिमुखिकरण/तालिम संचालन प्रदेशबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धि निर्देशिका २०७९ बमोजिम हुनेछ।

## परिच्छेद-३

## पशुपन्छी आहारा कार्यक्रम

**२६. हिउँदे/बर्षे/वहुवर्षिय घाँसको विउ/बेर्ना/सेट्स वितरणः**

**(क) उद्देश्य**

- व्यबसायिक कृषकको पशुपन्छीमा उन्नत र पोषिलो आहाराको आपूर्ति तथा उपलव्धता सुनिश्चीत गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- वीउविजन प्रयोगशालाको परीक्षण प्रतिवेदनका साथै उपयुक्तताको सिफारिस भएको वीउको प्रयोग गराउनु पर्नेछ।
- प्राविधिकको सिफारिसमा स्वस्थ्य वेर्ना, स्लिप्स र छिपिएको डाँठको तीन आँख्ला भएको सेट्स प्रयोग गराउनु पर्नेछ।
- घाँसको वीउ/बेर्ना/सेट्सको वितरणमा व्यवसायिक फार्मलाई प्राथमिकता दिनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले निवेदन माग गरी प्राप्त निवेदनहरुको विश्लेषण गरी छनौट भएका कृषक तथा फार्मलाई घाँसको वीउ/बेर्ना/सेट्सहरु वितरण गर्नु पर्नेछ।
- वितरण गरीएको घाँसको वीउ/बेर्ना/सेट्सहरुको अभिलेख राखु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक घाँसको वीउ/बेर्ना/सेट्सहरु खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली,



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

२०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।

**२७. गाई/भैंसीको सुत्केरी आहारा वितरणः**

**(क) उद्देश्य**

- सुत्केरी गाइभैंसीको स्वास्थ्यमा सुधारका साथै उत्पादनमा बृद्धि गराउनु।
- पशुपन्छी पालन व्यवस्थापन प्रति जागरुक्ता र उत्सुकता जगाउनु ।

**(ख) प्राविधिक मापदण्डः**

- कम्तिमा १-२ वटा माउ गाई भैंसी पालेको हुनु पर्नेछ।
- लक्ष्य भन्दा बढी माग भएमा सबन्धीत कार्यालयले आन्तरीक मापदण्ड बनाई साना किसानलाई बिषेश प्राथमिकता दिई छनौट गरी वितरण गराउनु पर्नेछ।
- उन्नत जातको गाइभैंसी र बिमा भएको लाई प्रथमिकता दिईनेछ।
- गाईभैंसी सुत्केरी भएपछी न्यून्तम पाँच लिटर दैनिक दुध उत्पादन भएको हुनु पर्नेछ।
- एक कृषकलाई अधिकतम दुई गाइभैंसीमा मात्र यो सेवा उपलब्ध गराइनेछ।
- स्थानिय तहवाट सुत्केरी पशुको सिफारिसको आधारमा वा कार्यालयबाट सोझै जाँचवुझ गरी सेवा प्रवाह गर्न सकिनेछ ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कृषकको निवेदन लिई आवश्यक जांचबुझ गरी सुत्केरी गाईभैंसीलाई फिड सप्लिमेन्ट तथा आवश्यक स्वास्थ्य प्रवर्द्धनात्मक औषधिहरु उपलब्ध गराउनु पर्नेछ।
- कार्यक्रमको अभिलेख राख्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक फिड सप्लिमेन्ट तथा स्वास्थ्य प्रवर्द्धनात्मक औषधिहरु खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।

**२८. साइलेज प्रविधिको विस्तारः**

**(क) उद्देश्य**

- किसानहरुलाई साइलेजको महत्व बुझाउनुका साथै प्रबिधि विस्तार र अवलम्बन गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- व्यवसायीक फार्मका साथै कृषक समूह/सहकारीमा साईलेज प्रविधि प्रर्दशनी गर्नु पर्नेछ ।
- प्रर्दशनीमा कम्तीमा दुई सय केजी साइलेज तयार गर्नु पर्नेछ।
- माटो वा सिमेन्टेड साइलोपिट, प्लास्टिकको बोरा वा ड्रम आदिमा साईलेज तयार गर्न सकिनेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- प्राविधिक सहजकर्ताको निर्देशनमा सहभागि कृषकहरुले प्रदर्शनको क्रियाकलापहरु गर्नु पर्नेछ।

(ग) **संचालन प्रकृया/क्रियाकलापः**

- प्राविधिक सहजकर्ताको परामर्शमा उपयुक्त अवस्थाका मकै तथा अन्य घाँसहरु प्रयोग गरी प्रक्रिया अनुसार साइलेज बनाउनु पर्नेछ।
- तयार गरीएको साइलेजमा तयारी मिति लेख्नु पर्नेछ।
- पैंतालिस दिन पछि तयार भएको साइलेजको जांच (रंग, बास्ना आदि) गराउनु पर्नेछ।
- गुणस्तरिय साईलेजलाई आवश्यक्ता अनुसार उग्राउने पशुहरुलाई कम्तीमा दश दिनसम्म खुवाइ प्रभावकारिता सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(घ) **आर्थिक मापदण्डः**

- साइलेज तयारीका लागि आवश्यक सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।
- प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार प्रदर्शनीको व्यवस्थापकिय खर्च गर्नु पर्नेछ।

**२९. साईलेज प्रयोजनको लागि मकै खेती गर्न मकैको बीउ वितरणः**

(क) **उद्देश्य**

- गुणस्तरीय साइलेज उत्पादनमा बृद्धि गराउनु।

(ख) **प्राविधिक मापदण्डः**

- लाभग्राही कृषकले कम्तीमा पाँच माउ उन्नत गाई भैंसी वा दश माउ बाखा पालन वा साइलेज उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ।
- प्रति माउ गाइभैंसीको लागी कम्तिमा एक कठ्ठामा मकै खेती गर्न इच्छुक कृषक हुनु पर्नेछ।
- प्रति माउ गाईभैंसीको लागी कृषकलाई अढाई केजी बिउ उपलब्ध गराउनु पर्नेछ।
- मकै खेतीको लागी सिंचाइको सुबिधा सहितको उपयुक्त जग्गा हुनु पर्नेछ।
- बीउविजन प्रयोगशालाबाट परीक्षण पश्चात उपयुक्त भएको सिफारिस पत्र प्राप्त बिउविजन हुनु पर्नेछ।
- बीउ वितरणमा व्यवसायिक फार्महरुलाई प्राथमिकता दिनु पर्नेछ।
- एउटा फार्म वा कृषकलाई पशुसंख्या अनुसार अधिकत्तम बीस कठ्ठा सम्म मकैको बीउ उपलब्ध गराउन सकिनेछ।

(ग) **संचालन प्रकृया/क्रियाकलाप**

- कृषकहरको माग निवेदन लिइ गाइभैंसी तथा बाखाको संख्याका साथै खेतको क्षेत्रफल एकिन गरी किसान छनौट गरी सिफारिश भएको जातको मकैको बिउ खरिद, ढुवानी तथा वितरण गर्नु पर्नेछ।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी मन्त्री

(घ) आर्थिक मापदण्ड

- साइलेज उत्पादनका लागि मकैको बीउ खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।

३०. **Urea Molasses Mineral Blocks (UMMB) वितरण:**

(क) उद्देश्य

- पशुहरुलाई उत्पादन तथा प्रजनन्का लागि चाहिने खनिज तथा भिटामिनका साथै अन्य पौष्टिक तत्वहरु उपलब्ध गराउनु।

(ख) प्राविधिक मापदण्डः

- यो UMMB स्वस्थ्य उग्राउने जनावरका लागि मात्र वितरण गर्नु पर्नेछ।
- कम्तिमा एक देखी दुई माउ गाई भैंसी वा तीन देखी पाँच माउ बाखा पालेको कृषकलाई प्राथमिकता दिनु पर्नेछ।
- उन्नत जातको पशुको साथै बिमा भएको लाई प्रथमिकता  दिनुपर्नेछ।
- प्रति कृषकलाई अधिकतम दुई गाईभैंसी तथा पाँच माउ बाखालाई मात्र यो  सेवा उपलब्ध गराउनु पर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- कृषकको निवेदन लिई आवश्यक जाँचबुझ गरी एउटा कृषकलाई कम्तीमा तीन महिना सम्म पुग्ने र नतिजा देखिने गरी UMMB उपलब्ध गराउनु पर्नेछ।
- लक्ष्य भन्दा बढी माग भएमा सम्बन्धित कार्यालयले आन्तरीक मापदण्ड बनाई साना किसानलाई बिषेश प्राथमिकता दिई छनौट गरी वितरण गर्नु पर्नेछ।
- स्थानिय तहवाट सिफारिस लिएको हुनुपर्ने वा कार्यालयले जाँचवुझ गरी सिधै वितरण गर्न सक्नेछ।
- कार्यक्रमको अभिलेख राख्नु पर्नेछ।

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक UMMB खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।

३१. **फिड ब्यालेन्स सिट तयारीः**

(क) उद्देश्य

- पशु आहाराको माग तथा आपूर्तीको अवस्था बारे जानकारी प्रस गर्नु।

(ख) प्राविधिक मापदण्डः

- आफ्नो कार्यक्षेत्रमा भएको सम्पूर्ण पाल्तु पशुपन्छीको शारिरिक तौल अनुसार चाहिने बर्ष भरीको आहारा (Dry matter/Protein/energy) को आवश्यक्ता निर्धारण गर्नु पर्नेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- आफ्नो कार्यक्षेत्र भित्र उपलब्ध खेतीबालीबाट उपलब्ध हुने पशु आहारामा प्रयोग हुने कृषिजन्य उपउत्पादनहरु, खेती गरीएको घांसेबालीबाट, बन ,चरन, खेत तथा आली कान्ला, डालेघासको बोट, उखुको टुप्पा आदीबाट प्राप्त हुने घांस, उपलब्ध पशु दाना आदी सबैलाइ जोडेर पशु आहाराको उपलब्धता तथा आपुर्ती निर्धारण गर्नु पर्नेछ।
- मान्य सुत्रको प्रयोग गरी आहाराको अवस्थाको विश्लेशण गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- फिड ब्यालेन्स सिट तयारीका लागि आवश्यक तथ्याङ्क संकलन गर्नु पर्नेछ।
- तथ्याङ्क प्रशोधन तथा बिधि अनुसार क्याल्कुलेशन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्ड**

- स्वीकृत बजेटको अधिनमा रही सार्वजनिक खरिद ऐन तथा नियमावली र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार व्यवस्थापकिय खर्च गर्नु पर्नेछ।
- तथ्यांक संकलनकर्तालाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्नेछ।
- यो कार्यक्रम अन्तर्गत विस्तृत अध्ययन गर्नु परेमा स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार परामर्श सेवा खरिद गरी समेत गर्न सकिनेछ।

**३२. व्यवसायिक पशु फार्महरुमा पशु पोषण लेखा परीक्षण कार्यक्रम (Livestock Nutrition Audit-LiNA)**

**(क) उद्देश्यः**

- पशुको उमेर, शारीरिक अवस्था, उत्पादन र वातावरणको स्थितिको आधारमा न्यूनतम पोषण आवश्यकता पहिचान गर्ने।
- व्यवसायिक पशु फार्महरुमा दैनिक प्रयोग हुने पशु आहारको स्रोत पहिचान, नमुना संकलन, पोषण गुणस्तर परीक्षण तथा मूल्याङ्कन गरी पोषण ग्याप (Gap) पहिचान गर्ने।
- पोषण अभाव, अधिकता वा असन्तुलन पहिचान गरी सुधारात्मक सुझाव सिफारिस गर्ने।

**(ख) प्राविधिक मापदण्डः**

- न्यूनतम पाँच वटा दुहुना गाई/भैसी भएको व्यवसायिक पशु फार्महरूमा कार्यक्रम संचालन गर्नु पर्नेछ।
- पशुको उमेर, शारीरिक अवस्था, उत्पादन र वातावरणको स्थितिको आधारमा न्यूनतम पोषण (Drymatter, Protein, Energy, ADL, ADF, NDF) आवश्यकता पहिचान गर्नुपर्नेछ।
- व्यवसायिक पशु फार्महरुमा दैनिक प्रयोग हुने पशु आहारको स्रोत पहिचान, नमुना संकलन, पोषण गुणस्तर परीक्षण तथा मूल्याङ्कन गरी पोषण ग्याप (Gap) पहिचान गर्नुपर्नेछ।



उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी मन्त्री

- पोषण अभाव, अधिकता वा असन्तुलन पहिचान गरी सुधारात्मक सिफारिस तयार गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- यो कार्यक्रम संचालनका लागी विज्ञ केन्द्रले वा विज्ञ केन्द्रको समन्वयमा मन्त्रालय/निर्देशनालयले उपयुक्त फार्म छनौट गर्नु पर्नेछ।
- विज्ञ केन्द्रले यस कार्यक्रम संचालनका लागी उपयुक्त एप्लिकेशन/सफ्टवयरको प्रयोग गर्न सक्नेछ।
- विज्ञ केन्द्रलाई आवश्यकता भएमा यो कार्यक्रम संचालनका लागी पशु पोषण विज्ञ टिम (M.Sc./PhD, कम्तीमा २ वर्ष अनुभव), भेटेरिनरी/पशु विज्ञान विषयमा स्नातक योग्यता भएको व्यक्ति, सम्बन्धित विषयको प्रयोगशाला सम्बन्धि अनुभव भएको प्राविधिक सहितको टिमको सहयोग लिन सक्नेछ।
- यस कार्यक्रम विज्ञसँग परामर्श सेवा खरिद गरेर समेत सञ्चालन गर्न सकिनेछ। तर परामर्श दातासँग उपरोक्त बमोजिमको पशु पोषण विज्ञ टिम अनिवार्य रुपमा हुनुपर्नेछ।
- विज्ञ टिमले छनौट भएका फार्महरुको पशु पोषण आवश्यकता पहिचान, आहारको गुणस्तर परीक्षण गरी पोषण ग्याप **(Gap)** पहिचान गर्ने र पोषण सुधारका लागि उपयुक्त सुझाब सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।
- विज्ञ केन्द्रले पोषण ग्याप पुर्ति गर्नका लागी पशु पोषण सामाग्री ( Feed Supplements/UMMB, Antihelminthics etc.) वितरण गर्न सक्नेछ।

**(घ) आर्थिक मापदण्ड**

- कार्यक्रमका संचालन गर्दा स्वीकृत बजेटको अधिनमा रही प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

## परिच्छेद-४

## पशु प्रजनन् कार्यक्रम

**३३. प्रजनन्को लागी उन्नत पशुपन्छी खरिद तथा बितरणः**

**(क) उद्देश्य**

- उन्नतपशुपन्छीको संख्या तथा उपलव्धता बढाउने र नश्ल सुधारका साथै पशुजन्य उत्पादनमा बृद्धि गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- प्रजनन्का लागि वितरण गरीने पशुहरु तल उल्लेखित मापदण्ड अनुसारको हुन पर्नेछ।
- कार्यलयले सरकारी वा निजी श्रोत केन्द्र वा रेकर्ड राखेको फार्म/कृषक समूह/संस्थावाट खरिद गरेको हुनु पर्नेछ।
- कार्यलयले आवद्ध कृषकलाई माग र आवश्यकताका आधारमा वितरण गर्नु पर्नेछ।

२९ उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- खरिद गरीएको पशुको विमा गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले निवेदन माग गरी आवश्यक्ता पहिचान गरी फार्म/कृषक समूह/संस्थावाट छनौट गरी सम्झौता गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।
- कार्यालयले मापदण्ड अनुसारको पशुपन्छीको उपलव्धताको श्रोत एकिन गराउनु पर्नेछ।
- कार्यालयले आफैले नियमानुसार पशुपन्छी खरिद गरी उपरोक्त बमोजिमको लाभग्राहीलाई वितरण गर्नु पर्नेछ वा छनौट भएका कृषक समूह/समिति/सहकारी/फार्म लाई नै खरिद गर्न लगाई अनुगमन मूल्यांकन गरी पशुपन्छीको मुल्य भुक्तानी गर्नु पर्नेछ।
- पशुपन्छी खरिद गर्दा प्राविधिक मुल्याङ्कन प्रतिवेदन संलग्न हुनु पर्नेछ।
- वितरण गरीएको प्रजनन् योग्य पशुको सम्पूर्ण व्यवस्थापन (गोठ/खोर, आहारा, औषधोपचार आदि) लाभग्राहीले गर्नु पर्नेछ ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि प्रजनन् योग्य पशुपन्छी खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार गर्न सकिनेछ।

**३३.१ प्रजनन् योग्य साँढे/रांगोको न्यूनतम मापदण्डः**

- Phenotype को आधारमा शुद्ध जर्सी/होलष्टिन वा क्रस जातको साँढे र राँगोको हकमा शुद्ध मुर्रा जातको वा मुर्रा क्रस हुनु पर्नेछ।
- साँढेको उमेर २.५ देखि ३ बर्ष वा ४ दाँत साटेको हुनु पर्नेछ।
- राँगाको उमेर ३.५ देखि ४ बर्ष वा ४ दाँत साटेको हुनु पर्नेछ।
- प्रजनन् योग्य साँढे/राँगाको दुवै अण्डकोष विकसित र सामान्य हुनु पर्नेछ।

**३३.२ प्रजनन् योग्य याक/नाककोन्यूनतम मापदण्डः**

- जात अनुसारको गुण हुनु पर्नेछ।
- याकको उमेर ३ देखि ४ बर्ष वा ४ दाँत साटेको र नाक२.५ देखि ३ बर्ष वा ४ दाँत साटेको हुनु पर्नेछ।
- याकको दुवै अण्डकोष विकसित हुनुको साथै प्रजनन् योग्य हुनु पर्नेछ।
- नाकको नविग्रेको तर विकसित थुन हुनु पर्नेछ ।

**३३.३ प्रजनन् योग्य बाखा/पाठीको न्यूनतम मापदण्डः**

- कम्तिमा ९ महिना उमेर पुगेको वा अगाडिको २ वटा स्थायी दाँत भएको हुनु पर्नेछ।
- स्वास्थ्य र प्रजनन् योग्यका साथै जुम्ल्यहा सन्तान मध्ये एक हुनु पर्नेछ।
- कल्चौडा र थुनहरु मिलेको र पाठा पाठी हुर्काउन सक्ने हुनु पर्नेछ।
- प्रजनन् योग्य पाठीको तौल १५ के.जी. तथा बाखाको तौल कम्तिमा २० के.जी. को हुनु पर्नेछ ।तर बोयर वा बोयर क्रस जातको पाठी तौल कम्तिमा २० के.जी. तथा बाखाको तौल कम्तिमा २५ के.जी. हुनु पर्नेछ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी मन्त्री

- लेकाली भेगका लागि सिन्हाल र च्याङग्रा, मध्यपहाडी भेगका लागि खरि, वोयर, र सानन वा तिनका क्रस र तराईका लागि खरि, वोयर, बारबेरी, सिरोही, बिटल, कालो बंगाल र तराई बाखा वा तिनका क्रस वितरण गर्नु पर्नेछ ।

**३३.४ प्रजनन् योग्य बोकाकोन्यूनतम मापदण्डः**

- कम्तिमा १ बर्ष उमेर पुगि अगाडिको २ वटा स्थायी दाँत भएको हुनु पर्नेछ।
- स्वास्थ्य र प्रजनन् योग्यका साथै जुम्ल्यहा सन्तान मध्ये एक हुनु पर्नेछ।
- अण्डकोष विकसित भएको हुनु पर्नेछ।
- कम्तिमा २५ के.जी. तौल भएको हुनु पर्नेछ ।तर बोयर वा बोयर क्रस बोकाको तौल कम्तिमा ३५ के.जी. हुनु पर्नेछ।
- लेकाली भेगका लागि सिन्हाल र च्याङग्रा , मध्यपहाडी भेगका लागि खरि, वोयर, र सानन वा तिनका क्रस र तराईका लागि खरी, वोयर, बारबेरी, सिरोही, बिटल र कालो बंगाल वा तिनका क्रस वितरण गर्नु पर्नेछ।
- खरिद गरीएको वोका मार्फत हाड नाता प्रजनन् गराउन नहुने।

**३३.५ प्रजनन् योग्य भेंडा/थुमाकोन्यूनतम मापदण्डः**

- कम्तिमा १ बर्ष उमेर पुगि अगाडिको २ वटा स्थायी दाँत भएको हुनु पर्नेछ।
- स्वास्थ्य र प्रजनन् योग्यका साथै जुम्ल्यहा सन्तान मध्ये एक हुनु पर्नेछ।
- अण्डकोष विकसित भएको हुनु पर्नेछ।
- कम्तिमा २५ के.जी. तौल भएको हुनु पर्नेछ।
- बरुवाल, मेरिनो, पोलवर्थ जातको भेडा/थुमा वा तिनका क्रस वा अन्य सिफारिस जात वितरण गर्नु पर्नेछ।
- खरिद गरीएको थुमा मार्फत हाड नाता प्रजनन् गराउन नहुने।

**३३.६ प्रजनन् योग्य वंगुर (वीर/माउ/भुनी/पाठापाठी) को न्यूनतम मापदण्डः**

- वंगुरको कम्तिमा १२ वटा थुन हुनु पर्नेछ।
- पाठापाठीको उमेर कम्तिमा ४५ दिन, भूनिको उमेर कम्तिमा ६ महिना र माउ तथा बीरको उमेर कम्तिमा १वर्ष पुगेको हुनु पर्नेछ।
- हाडनाता प्रजनन्वाट जन्मेको वीर/माउ/भुनी/पाठापाठी हुनु हुदैन।
- वंगुर स्वस्थ, निरोगि र फूर्तिलो हुनु पर्नेछ।
- प्रजनन् योग्य भाले वंगुरको अण्डकोष मिलेको र विकसित भएको हुनु पर्नेछ।
- पाठापाठी/भुनी/माउ तथा वीर योर्कसायर, ल्यान्डरेस, ड्युरक, ह्याम्पसायर, मेशान, पाखीबास कालो जातको वा तिनका क्रस हुनु पर्नेछ।

**३३.७ कुखुरा (चल्ला) को न्यूनतम मापदण्डः**

- गिरिराजा, अष्ट्रोलप, न्यूहेम्पसायर जस्ता जातका Dual Purpose विशेषता भएका चल्ला खरिद ढुवानी गरी विपन्न, दलित, महिला, असहाय वर्गमा समूह वनाई प्रति व्याक्ती २०-२५ वटाका दरले वितरण गर्नु पर्नेछ।
- वितरण गरीने चल्ला कम्तिमा २ हसा ब्रुडिङ्ग गरेको हुनु पर्नेछ।
- माथि उल्लेखित चल्ला सरकारी वा निजी फार्म वा दुवैबाट खरिद गर्न सकिनेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- सुरुको अवस्थामा चल्ला हुर्काउनका लागि दाना तथा अन्य सप्लिमेन्ट समेत वितरण गर्न सकिनेछ।
- वितरण गरीएका चल्लाहरुलाई आवश्यक खोप समेत उपलब्ध गराउनु पर्नेछ।

**३४. प्रजनन्का लागि प्राकृतिक गर्भाधान कार्यक्रमः**

**(क) उद्देश्य**

- कृत्रिम गर्भाधान सेवाको पहुंच नभएको क्षेत्रका स्थानीय पशुको नश्ल सुधार गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- प्राकृतिक गर्भाधान सम्वन्धी तथ्याङ्क अध्यावधिक गराउनु पर्नेछ।
- भाले लागेको पशुको ३ महिना पश्चात गर्भ परिक्षण गराउनु पर्नेछ।
- प्रकृतिक गर्भाधानका लागि ५० गाई/भैसीको लागि १ साढे/राँगो तथा वंगुर/वोका/थुमाको हकमा ३० पोथी जनावरका लागि १ वटा भालेको हिसावले वितरण गर्नु पर्नेछ।
- १ हसामा एउटा प्रजनन् योग्य भालेबाट ५-७ वटा पोथी जनावरलाई मात्र प्रजनन् गराउनु पर्नेछ।
- एक पटक पालिएको भाले बस्तुले सेवा शुरु गरे देखि गाईभैंसीमा ३ बर्ष, र भेंडा, बाखा, बंगुरमा १५ महिनासम्म मात्र सेवा लिनु पर्नेछ। त्यसपछी सो भालेको ठाउंमा त्यो भन्दा स्तरीय भाले साटेर वा किनेर ल्याउनु पर्नेछ।
- उत्पादित पाडा/पाडी/वाच्छा/वाच्छी/पाठा/पाठी/वुच्चा/भूनीको अभिलेख राखी प्रगति साथ पठाउनु पर्नेछ ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कृषक समूह/समित/सहकारी वा निजी कृषकबाट निवेदन माग गरी सबै किसानलाई पाइक पर्ने गरी १ जना इच्छुक बृडर कृषक छनौट गरी प्रजनन्को लागी उक्त भाले बस्तु पाल्न दिइ सामुदायिक पशु प्रजनन् केन्द्र स्थापना गराउनु पर्नेछ र प्राकृतिक गर्भाधान सेवा उपलब्ध गराउनु पर्नेछ।
- वितरित राँगो/साँढे/वोका/विरको अभिलेख राख्नुपर्नेछ।
- लाभग्राहीले नियमित रुपमा प्रगति भेटेरिनरी अस्पतालमा पठाउनुपर्नेछ।

**(घ) आर्थिक मापदण्ड**

- स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।
- प्रजनन् सेवा उपलब्ध गराए बापत समूह/सहकारीले तोके अनुसारको सेवा शुल्क लिन पाउनेछ र उक्त रकम प्रजन्न योग्य भाले पशुको व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।

**३५. प्रजनन्का लागि कृत्रिम गर्भाधान कार्यक्रमः**

**३५.१ नियमित कृत्रिम गर्भाधान कार्यक्रमः**

**(क) उद्देश्य**

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी मन्त्री

- उपलब्ध उन्नत जातको भाले पशुको विर्य प्रयोग गरी कृत्रिम तरिका द्वारा पोथी पशुलाई गर्भधारण गराई नश्ल सुधार गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- उपलब्ध उन्नत जातको भाले पशुको विर्य प्रयोग गरी कार्यक्रम संचालन गराउनु पर्नेछ।
- सरकारी तथा नीजि सबै कृत्रिम गर्भाधान ईन्सिमिनेटरले अनिवार्य रुपमा सम्बन्धित निकायबाट लाइसेन्स प्राप्त गरेको हुनु पर्नेछ।
- सबै ईन्सिमिनेटरले अनिवार्य रुपमा तोकिए बमोजिजको कृत्रिम गर्भाधानको मासिक रेकर्ड भेटेरिनरी अस्पताललाई उपलब्ध गराउनुपर्नेछ।
- अभिलेख नपठाउने इन्सिमिनेटरलाई कार्यालयले नाइट्रोजन र सिमेन उपलव्ध गराउने छैन।
- निम्नानुसारका मापदण्ड पुरा गर्नेव्यवसायिक पशु फार्महरुबाट कृत्रिम गर्भाधानको माग भएमा तथा सम्भावना समेत भएमा भेटेरिनरी अस्पतालले प्राविधिक परामर्श, सिमेन, तरल नाइट्रोजन तथा अन्य आवश्यक सामाग्रीहरु उपलब्ध गराउन सक्नेछ तर ईन्सिमिनेटरको व्यवस्था फार्म आफैंले गर्नु पर्नेछ।

➢ **तराई : कृत्रिम गर्भाधान - गाई/भैसी/बाख्रा/बंगुर**

- ✓ कम्तिमा २५ माउ पालन गरेको व्यवसायिक गाई फार्म।
- ✓ भैसी कम्तिमा १० माउ पालन गरेको व्यवसायिक भैसी फार्म।
- ✓ कम्तिमा ५० माउ पालन गरेको व्यवसायिक बाखा फार्म।
- ✓ कम्तिमा १५ माउ पालन गरेको व्यवसायिक वंगुर फार्म।

➢ **मध्य पहाड : कृत्रिम गर्भाधान - गाई/भैसी/बाख्रा/बंगुर**

- ✓ कम्तिमा १५ माउ पालन गरेको व्यवसायिक गाई फार्म।
- ✓ भैसी कम्तिमा ५ माउ पालन गरेको व्यवसायिक भैसी फार्म।
- ✓ कम्तिमा ५० माउ पालन गरेको व्यवसायिक बाखा फार्म।
- ✓ कम्तिमा १० माउ पालन गरेको व्यवसायिक वंगुर फार्म।

➢ **उच्च पहाड : कृत्रिम गर्भाधान- गाई/भैसी**

- ✓ कम्तिमा १० माउ पालन गरेको व्यवसायिक गाई फार्म।
- ✓ भैसी कम्तिमा ५ माउ पालन गरेको व्यवसायिक भैसी फार्म।

**(ग) संचालन प्रकृया/क्रियाकलाप**

- कार्यालयमा ल्याईएको पशुको कृत्रिम गर्भाधानका लागि तोकिए अनुसारको राजस्व रकम तिरी कृषकले सेवा लिन सक्नेछ।
- प्रत्येक कृत्रिम गर्भाधानको AI Record Book मा अभिलेख प्रविष्टि गराउनु पर्नेछ।
- कृषकलाई अनुसूचि-११ अनुसारको कृत्रिम गर्भाधान अभिलेख कार्ड उपलब्ध गराउनु पर्नेछ।
- कृत्रिम गर्भाधान सेवालाई आवश्यकता अनुसार घुम्ती सेवाको माध्यामवाट पनि संचालन गर्न सकिनेछ।

प्रदेश सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- कार्यालयले निर्देशनालय तथा सम्बन्धित निकायलाई नियमित रुपमा प्रगति पठाउनु पर्नेछ।
- कार्यालयले कृत्रिम गर्भाधान कार्यक्रम संचालनका लागि आवश्यक उपकरण औजार लगायत अन्य सामग्रीको व्यवस्थापन गराउनु पर्नेछ।
- इच्छुक, सम्भावित र आवश्यकता भएको स्थानिय तहहरु, सहकारी संस्था, सामुदायिक पशु प्रजनन् केन्द्र, अध्ययन संस्थान वा नीजि फार्मसँग समन्वय कायम गरी कार्यालयले कृत्रिम गर्भाधान कार्यक्रम संचालन गराउनु पर्नेछ।
- कार्यालयले आवश्यक प्राविधिक सहयोगको साथै कार्यक्रमको नियमन गराउनु पर्नेछ।
- कृत्रिम गर्भाधानका लागि चाहिने सिमेन तथा तरल नाइट्रोजन सम्वन्धित सरकारी कार्यालयवाट खरिद गर्नु पर्नेछ। तर पर्याप्त मात्रामा तरल नाइट्रोजन उपलब्ध हुन नसकेमा निजी उत्पादकबाट खरिद गर्न सकिनेछ ।साथै प्रदेश सरकार द्वारा अन्य देशबाट खरिद गरेको सिमेन पनि प्रयोग गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सिमेन, तरल नाइट्रोजन, कृत्रिम गर्भाधान उपकरण तथा सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**३५.२ एककालिक कृत्रिम गर्भाधान (Heat Synchronization) कार्यक्रमः**

**(क) उद्देश्य**

- पोथी जनावरलाई एकै पटक भाले खोज्ने (Heat) अवस्थामा पुर्याई कृत्रिम वा प्राकृतिक तरिकाबाट गर्भाधन गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- भेटेरिनरी अस्पतालले स्विकृत कार्ययोजना (स्थान, पशु, समय, विधि सहितको क्रियाकलापहरु) अनुसार एककालिक कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्नु पर्नेछ।
- एककालिक कृत्रिम गर्भाधान कार्यक्रमका लागि Ovsynch, CIDR, CIDR-synch, Double PGF2α जस्ता आवश्यकता र सम्भाव्यताका अनुसार कुनै पनि Protocol प्रयोग गर्न सकिनेछ।
- कृत्रिम गर्भाधान सेवा नियमित रुपमा संचालन गर्न नसकिने ठाउँ/क्षेत्रमा वा अनुसन्धान वा बाँझोपन निवारण वा पशु प्रजनन् अवस्थामा सुधारका लागि एककालिक कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्नु पर्नेछ।
- एक पटकमा पहाडमा कम्तिमा ३०-४० र तराईमा ४०-६० वटा पशुहरुमा एककालिक कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्नु पर्नेछ।
- यो कार्यक्रम संचालन गर्न श्रोत व्यक्ति/विषय विशेषज्ञ को सहयोग लिन सकिने।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- यो कार्यक्रम संचालन गर्दा व्यवसायिक पशु पकेट क्षेत्रहरुलाई प्राथमिकता दिनु पर्नेछ ।
- पशुहरुको प्रजनन्लाई प्रभावित गर्ने मौसमलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गर्ने समय तालिका निर्धारण गर्नु पर्नेछ ।
- एककालिक कृत्रिम गर्भाधान कार्यक्रमका लागि आवश्यक हर्मोन, औषधी तथा सामग्रीको खरिद तथा व्यवस्थापन गर्नु पर्नेछ।
- एककालिक कृत्रिम गर्भाधान संचालन पुर्व पशुहरुको Functional Uterus तथा Ovary status को परीक्षण गरी कार्यक्रममा समावेश गरीने पशु एकिन गर्नुपर्नेछ।
- एककालिक कृत्रिम गर्भाधानका लागि पहिचान गरीएको पशुहरुलाई अनिवार्य रुपमा Deworming का साथै र Feed supplements हरु उपलव्ध गराउनु पर्नेछ।
- कृत्रिम गर्भाधान गरीएका पशुहरुको अनिवार्य रुपमा तीन महिना भित्र गर्भ परीक्षण गराउनु पर्नेछ र कार्यक्रमको प्रतिवेदन तयार गर्नु पर्नेछ।
- एककालिक कृत्रिम गर्भाधानबाट जन्मेका बाछा/बाछी, पाडा/पाडी, पाठा/पाठी को विवरण संकलन गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सिमेन, तरल नाइट्रोजन, कृत्रिम गर्भाधानउपकरण, हर्मोन, औषधी तथा अन्य सामग्रीहरु खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।
- कार्यक्रम संचालन गर्न विज्ञ सेवा आवश्यक परेमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार परामर्श सेवा खरिद गरी गर्न सकिनेछ ।

**३६. व्यवसायिक पशु फार्मको रेकर्डिङ्ग तथा एनिमल आइडेन्टिफिकेशन कार्यक्रमः (Performance Recording System-PRS)**

**(क) उद्देश्य**

- पशुहरुको वंशानुगत गुण पहिचानका साथ उत्पादन सम्बन्धी विवरण राख्नु, विश्लेषण तथा व्याख्या गर्नु र यस कार्यका लागि कृषकहरुको क्षमता अभिबृद्धि गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- व्यवसायिक बाख्रा/गाई/भैंसी/बंगुर फार्ममामा कार्यक्रम संचालन गर्न सकिनेछ।
- फार्ममा बथान दर्ता किताब (Herd Registration Book) को व्यवस्था गराउनु पर्नेछ।
- फार्मको वा कार्यक्रमका लागि संकलन गरीने तथ्यांक ईन्ट्री तथा व्यवस्थापनका उपयुक्त सफ्टवेयर विकास गर्न सकिनेछ।
- कार्यक्रमबाट प्राप्त तथ्यांक विश्लेषणका लागि नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय पशु प्रजनन् तथा आनुबंशिक अनुसन्धान केन्द्र, ललितपुरले प्रयोग गर्ने सफ्टवेयर वा अन्य उपयुक्त सफ्टवेयर विकास गरी प्रयोग गर्न सकिनेछ।



उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- कार्यालयले पशुहरुको जातिय वंशाणु गुण प्रतिशत/ जातीय शुद्धता (tentative blood level) निर्धारण गर्नुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- अख्तियारी प्राप्त निकाय (निर्देशनालय/भेटेरिनरी अस्पतालले) ले कार्यक्रम संचालन गर्नु गराउनु पर्नेछ।
- भेटेरिनरी अस्पतालले सहभागी हुने कृषक/फार्म छनौट गरी कार्यक्रममा परिचालन गराउनु पर्नेछ।
- कृषक तथा सरोकारवालालाई पशुहरुको अभिलेखिकरण तथा पहिचान प्रणाली सम्बन्धी अभिमुखिकरण गराउनु पर्नेछ।
- निर्देशनालयले तय गरेको विधि तथा ढाँचा अनुरुप कृषकहरुको पशुहरुको पहिचान गरी तथ्यांक व्यवस्थापन गराउनु पर्नेछ ।
- कार्यक्रममा छनौट भएका पशुहरुको कार्यालयले ट्यागिङ्ग वा पहिचान चिन्ह उपलब्ध गराउनु पर्नेछ।
- कार्यालयले कृषकलाई फार्मको अभिलेखिकरणका लागि बथान दर्ता किताब (Herd Registration Book), रजिष्टर आदि सामाग्री उपलब्ध गराउनु पर्नेछ।
- कार्यालयले कार्यक्रमको फोकल पर्सन तोक्नुपर्नेछ र मासिक तथ्यांक/डेटा संकलन गरी निर्देशनालय वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ।
- कार्यक्रम संचालन तथा कार्यक्रमबाट प्राप्त तथ्यांक विश्लेषण सम्बन्धि प्राविधिक परामर्शका लागि निर्देशनालयले नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय पशु प्रजनन् तथा आनुबंशिक अनुसन्धान केन्द्र, ललितपुर वा अन्य परामर्श दाताहरुसंग सम्झौता गर्नुका साथै सेवा खरिद र सहकार्य गर्न सक्नेछ।
- निर्देशनालय तथा कार्यालयले तथ्याङ्क विश्लेशण पश्चात प्रतिवेदन तयार गर्नु पर्नेछ।
- कार्यालयले बिभिन्न नश्लका पशुहरुको जातीय शुद्धताको प्रमाणीकरण गर्नु पर्नेछ।
- कार्यालेले पशुहरुको जातिय वंशाणु गुण प्रतिशत/ जातीय शुद्धता (tentative blood level) एकिन गरी प्रमाणपत्र प्रदान गराउनु पर्नेछ।
- यस कार्यक्रम अन्तर्गत फार्म/कृषकहरुलाई आवश्यकता अनुसार कार्यालयले अभिलेखिकरण विधि, असल पशुपालन अभ्यास तथा अन्य प्राविधिक विषयमा तालिम/अन्तरक्रिया कार्यक्रम संचालन गराउनु पर्नेछ। साथै छनौट भएका कृषक/फार्महरुका पशुहरुलाई कार्यालयले घांसको बिउ/वेर्ना/सेट्स/ स्लिपस, मिनरल भिटामिन, खोप, परजिवी विरुद्ध औषधी, UMMB लगायत अन्य फिड सप्लिमेन्टहरु प्रोत्साहन स्वरुप निःशुल्क उपलब्ध गराउनु पर्नेछ।
- निर्देशनालय तथा कार्यालयले छनौटमा परेका फार्म/कृषकहरुको अनुगमन गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सामग्रीहरु खरिद, अभिलेख व्यवस्थापनको लागि प्रविधि/सफ्टवेयरको व्यवस्थापन तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

- कार्यक्रम संचालन गर्न विज्ञ सेवा प्राप्त तथा डेटा रेकर्डिङ्ग र एनालाइसिस आवश्यक परेमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार परामर्श सेवा खरिद गरी गर्न सकिनेछ।

**३७. ब्रिडीङ प्रोफायल तयारीः**

**(क) उद्देश्य**

- पशु प्रजनन् सम्बन्धी पाश्र्वचित्र तयार गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- जिल्ला स्तरीय र प्रदेश स्तरीय प्रोफायल तयार गर्न निम्न बिषयबस्तु समेटीएको हुनुपर्नेछ।
- पशुको जात (उन्नत/बर्णशंकर/स्थानीय), पशुजन्य उत्पादन, प्राकृतिक वा कृत्रिम गर्भाधान समेतको पशुपन्छीको तथ्याङ्क राख्नुपर्नेछ।
- पशु प्रजनन् केन्द्रहरु, प्रजननको भाले पशु, इन्सिमिनेटर, र पशु प्रजनन् प्रगति संकलन, व्यबस्थापन तथा विश्लेष्ण गरीएको हुनुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- वृडर कृषक/प्रजनन् केन्द्र तथा कृत्रिम गर्भाधान कर्ता प्राविधिकहरुले कार्यालयले प्रदान गरेको अभिलेखको ढाँचा अनुरुप मासिक प्रगति प्रेषण गराउनु पर्नेछ।
- कार्यालयबाट कम्तीमा दुई जना प्राबिधिक टोली मार्फत कार्यक्रमको अनुगमन गराउनु पर्नेछ।
- कार्यालयले बार्षिक रुपमा ब्रिडीङ्ग प्रोफाइल तयार गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि अभिलेख व्यवस्थापन तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।
- प्राविधिक अनुगमन टोलीलाई नियमानुसारको दैनिक भ्रमण खर्च उपलब्ध गराउनु पर्नेछ।

**३८. उन्नत जातको पशुहरुको सिमेन खरिद तथा वितरणः**

**(क) उद्देश्य**

- उन्नत जातको पशुहरुको सिमेनको उपलब्धता सुनिश्चित गरी पशुहरुको नश्लसुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गराउनु।

**(ख) प्राविधिक मापदण्डः**



उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल प्रदेश सरकार

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी मन्त्री

- तुलनात्मक रुपमा बढी उत्पादन क्षमता भएका र स्थापित पशुको जातहरु (जर्सी, होल्सटीन, मुर्रा, बोयर आदि) को सिमेन खरिद तथा वितरण एंव प्रयोग गराउनु पर्नेछ।
- सिमेनको स्पेसिफिकेशन तयार गरी सोही अनुसार खरिद गर्नु पर्नेछ ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- मन्त्रालय वा निर्देशनालयले सिमेन खरिद गर्नु पर्नेछ र कार्यालयलाई वितरण गर्नु पर्नेछ।
- कार्यालयले सरकारी तथा नीजि ईन्सेमिनेटर मार्फत व्यवसायिक फार्म र सहकारी संस्थाहरुका पशुमा सिमेनको प्रयोग सुनिश्चित गराउनु पर्नेछ।
- ईन्सेमिनेटरले प्रत्येक सिमेनको अभिलेख सहितको प्रगति कार्यालयलाई प्रेषण गर्नु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि सिमेन खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**३९. दुधालु गाई वंश सुधार कार्यक्रमः (DCIP/PRS)**

**(क) उद्देश्य**

- यो कार्यक्रम दूधालु गाईमा संचालन गरीने व्यवसायिक पशु फार्मको रेकर्डिङ्ग तथा एनिमल आइडेन्टिफिकेशन कार्यक्रम (Performance Recording System-PRS) कै विशिष्टिकृत रुप हो जसमा गाईको दूधको परीक्षण तथा उत्पादनको अभिलेख मार्फत उत्कृष्ट पशुहरुको पहिचान गर्नु तथा नश्ल सुधार र बाछाबाछी उत्पादनमा प्रयोग गर्न।

**(ख) प्राविधिक मापदण्डः**

- निर्देशनालय वा भेटेरिनरी अस्पतालले इच्छुक तथा सम्भावित क्षेत्रका कम्तिमा पन्ध्र उन्नत दुहुना गाई पालन गरेकोव्यबसायिक फार्मलाई यस कार्यक्रममा समावेश गराउनु पर्नेछ।
- फार्मले आवश्यक्ता अनुसार प्रत्येक महिना प्रति गाई कम्तिमा दश मि.लि. दूधको नमूना कार्यालयलाई परीक्षणका लागि उपलब्ध गराउनु पर्नेछ।
- व्यवसायिक फर्मले कार्यालयले उपलव्ध गरेको फर्मेट अनुरुप अभिलेख राख्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- निर्देशनालय वा कार्यालयले नेपाल कृषि अनुसन्धान परिषद (NARC), पशु प्रजनन् कार्यालय, लहान वा अन्य परामर्शदातासंग परामर्श सेवा खरिदको सम्झौता अनुरुप वा MoU गरी कार्यक्रम संचालन गर्न सक्नेछ।



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- निर्देशनालय वा कार्यालयले मापदण्ड अनुरुपको फार्महरु छनौट गरी कार्यक्रम संचालनका लागि सम्झौता गर्नु पर्नेछ।
- कार्यक्रमको लागि छनौट भएको फार्महरुमा कार्यालयले कृत्रिम गर्भधान सेवा, परजिवि विरुद्ध ड्रेन्चिंग, घांसको बिउ/वेर्ना/सेट्स/स्लिप्स तथा भिटामिन खिनज मिश्रण, र बांझोपन निवारण औषधि उपलब्ध गराउनु पर्नेछ।
- कार्यक्रम संचालनका लागि कार्यालयले आवश्यक मेशिन उपकरण औजार सामग्री आदि खरिद गरी परिचालन गर्नु पर्नेछ।
- छनौट भएका फार्महरुका कृषकले कार्यक्रममा सम्मिलित पशुहरुको पहिचानका साथै कार्यालयले तोकेको ढाँचामा दैनिक दुध उत्पादन, हरेक तीस दिनको अन्तरालको दुध परिक्षण नतिजा र प्रजनन्को अभिलेख राखु पर्नेछ।
- निर्देशनालय वा कार्यालयले प्राविधिक सहजकर्ताको व्यवस्थापन गर्न सक्नेछ ।
- प्राविधिक सहजकर्ता तथा ईन्सेमिनेट सित दुइपक्षिय सम्झौता गरी कार्क्रममा परिचालन गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक मेशिन उपकरण परजिवि विरुद्धको औषधी, घांसको बिउ/वेर्ना/सेट्स/स्लिप्स तथा भिटामिन खिनज मिश्रण, र बांझोपन निवारण औषधिहरु तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।
- कार्यक्रमका लागि प्राविधिक सहजकर्ताको व्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार परामर्श सेवा खरिद गरी गर्न सकिनेछ।

**४०. सेक्स्ड सिमेन (Sexed Semen) खरिद तथा वितरणः**

**(क) उद्देश्य**

- सेक्स्ड सिमेनको उपलब्धता सुनिश्चित गरी कृषकको माग अनुसार गाईमा कृत्रिम गर्भाधान मार्फत बाछी उत्पादन गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- **कार्यक्रममा सहभागी हुने संस्था/व्याक्तिः**

✓ कृत्रिम गर्भाधान (रिफ्रेसर सहित) तालिम लिई कम्तिमा तीन वर्ष देखि नियमित रुपमा कृत्रिम गर्भाधान गरीरहेको भेटेरिनरी प्राविधिकलाई कार्यक्रममा संलग्न गराउनु पर्नेछ।

✓ तीन सय लिटर दुधउत्पादन/संकलन/प्रशोधन कार्यमा संलग्न सहकारी संस्थाहरुका साथै व्यवसायिक रुपमा उन्नत गाईपालन गर्ने कृषक फार्म/कम्पनीलाई कार्यक्रममा प्राथमिक्ता दिनु पर्नेछ।

✓ असल पशुपालन पद्धती अभ्यास अपनाएको पशु फर्मलाई विशेष ग्राहता दिनु पर्नेछ।

- **सेक्स्ड सिमेनको प्रयोगः**

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- ✓ जर्सी वा होलेष्टियन जातका शुद्ध वा क्रस गाईमा मात्र सेक्स्ड सिमेनको प्रयोग गर्नु पर्नेछ।
- ✓ सेक्स्ड सिमेन प्रयोग गरीने गाईहरु तीन वेत भन्दा बढीको हुनु हुँदैन।
- ✓ साथै पशुको बडी स्कोर (Body score) २.५ देखि ४ सम्मको तथा तालिका अनुरुप नियमितखोप र परजिबी नियन्त्रण कार्य गरेको हुनु पर्नेछ।
- ✓ बारम्बार उल्टिरहने पशुमा सेक्स्ड सिमेन प्रयोग गर्न पाइने छैन।
- ✓ सेक्स्ड सिमेन कृषकलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ।
- **कार्यक्रम सम्बन्धी जिम्मेवारी र दायित्वः**
- ✓ प्राबिधिक समितिको सिफारिसमा कृषि मन्त्रालय, निर्देशनालय वा कार्यालयले सेक्स्ड सिमेन वितरणको प्रबन्ध मिलाउनु पर्नेछ।
- ✓ ईन्सेमिनेटरहरुले अनिवार्य रुपमा सेक्स्ड सिमेन प्रयोगको तोकिएको ढाँचामा प्रगति मासिक रुपमा भेटेरिनरी अस्पताललाई बुझाउनु पर्नेछ।
- ✓ भेटेरिनरी अस्पतालले मन्त्रालयले तोकेको ढाँचामा अध्यावधिक अभिलेख राखुका साथै निर्देशनालय र पशु प्रजनन् कार्यालय लहानलाई प्रेषण गर्नुपर्नेछ।
- ✓ सेक्स्ड सिमेन भण्डारणको लागि आवश्यक पर्ने कन्टेनर/ रेफ्री र तरल नाईट्रोजनको व्यवस्था निर्देशनालयका साथै सम्बन्धीत भेटेरिनरी अस्पतालल, स्थानिय तह तथा संलग्न ईन्सेमिनेटर तथा संघसंस्थाहरुले गर्नुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- **सेक्स्ड सिमेन (Sexed Semen) खरिदः**
- ✓ अख्तियार प्राप्त निकायले प्रचलित नियमानुसार खरिद गर्नु पर्नेछ।
- **सेक्स्ड सिमेन वितरण प्रकृयाः**
- ✓ सेक्स्ड सिमेन वितरण निम्न बमोजिम हुनेछ, देहाय बमोजिमको प्राविधिक समितिले सेक्स्ड सिमेन वितरण परिमाण एकिन गर्नुपर्नेछ ।

(क) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - संयोजक

(ख) पशुपन्छी विकास महाशाखा प्रमुख, उद्योग, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ग) पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा प्रमुख - सदस्य

(घ) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मध्येबाट प्रमुख १ जना - सदस्य

(ङ) पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखाको अधिकृत वा सहायक – सदस्य सचिव

नोटः कार्यक्रम लागु भएका जिल्लाहरुका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख/प्रतिनिध वा अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- ✓ सेक्स्ड सिमेन वितरण गर्नका लागि निर्देशनालय/ विज्ञ केन्द्रले ईच्छुक फार्म/कम्पनी/पशु चिकित्सक/पाराभेट/सहकारी/समूह/समिति/पालिकाहरुबाट निवेदन माग गर्नु पर्नेछ।
- ✓ विज्ञ केन्द्रले रितपूर्वक दर्ता हुन आएका निवेदनहरुको प्रारम्भिक छनौट गरी, आवश्यकता भएमा फिल्ड भेरिफिकेशन गरी उपयुक्त निवेदनहरुको सूचि तथा छनौट भएका प्रस्तावहरुको प्राथमिकिकरण सहितको अन्तिम सूची तयार गरी निर्देशनालयलाई बुझाउनु पर्नेछ।
- ✓ उपरोक्त समितिले निर्णय गरी आवश्यक संख्यामा सम्बन्धित विज्ञ केन्द्रहरुलाई र विज्ञ केन्द्रले लाभग्राहीलाई सेक्सड सिमेन उपलब्ध गराउनु पर्नेछ।
- ✓ आवश्यकता अनुसार निर्देशनालयले समेत सोझै लाभग्राहीलाई सिमेन उपलब्ध गराउन सक्नेछ र सोको जानकारी सम्बन्धित विज्ञ केन्द्रलाई समेत दिनु पर्नेछ।
- ✓ विज्ञ केन्द्रले आफूले प्राप्त गरेको सेक्स्ड सिमेनको भण्डारण तथा वितरणको व्यवस्था गराउनु पर्नेछ।
- ✓ लाभग्राहीले सिमेन प्रयोग गरीसकेपछि नियमित रुपमा सोको प्रगति विज्ञ केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।
- ✓ सिमेनको प्रयोग संतोषजनक नभएको अवस्था र समयमा प्रगति विवरण उपलब्ध नभएमा परिमाण बमोजिमको सिमेन लाभग्राहीलाई उपलब्ध गराउन निर्देशनालय तथा विज्ञ केन्द्र बाध्य हुने छैन।
- ✓ मन्त्रालय, निर्देशनाल र विज्ञ केन्द्रले सिमेन भण्डारण र वितरणको अनुगमन/मूल्याङ्कन गर्नुपर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि सेक्सड सिमेन खरिद तथाअन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

## परिच्छेद-५

## पशुपन्छी बजार प्रबर्द्धन कार्यक्रम

**४१. पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थहरुको मासिक थोक मूल्य विवरण संकलन तथा प्रेषणः**

**(क) उद्देश्य**

- विभिन्न पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थहरुको मुल्य संकलन, विष्लेषण तथा अभिलेखिकरण गर्नु ।

**(ख) प्राविधिक मापदण्डः**

- मासिक रुपमा अनुसूची-१२ बमोजिम निर्धारित फर्मेटमा बजार मुल्य संकलन गर्नुपर्नेछ।

४१

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मो. इस्माईल मन्सुरी मन्त्री

(ग) संचालन प्रकृया/क्रियाकलाप

- भेटेरिनरी अस्पतालले मासिक रुपमा फर्मेट अनुसार मुल्यको विवरण तयार गरी माथिल्लो निकाय लाई रिपोर्टिङ्गगर्नुपर्नेछ ।
- विभिन्न पशुपन्छी तथा मत्स्य बजारहरु तथा स्थानिय तहसंग मूल्य संकलनमा समन्वय गर्नुपर्नेछ ।

(घ) आर्थिक मापदण्ड

- आवश्यक ब्यवस्थापिकय खर्चहरु जस्तै रिर्पोट कम्मपाईल, फर्मेट छपाई जस्ताकार्यहरु स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

४२. उत्पादन प्रविधि तथा प्रदर्शनीः (Expo/Exhibition)

(क) उद्देश्य

- उत्पादन प्रबिधि तथा प्रदर्शनी मार्फत प्रचार प्रसारका साथै पशुपन्छी र मत्स्यजन्य उत्पादनको बजार प्रवर्द्धन गर्नु।

(ख) प्राविधिक मापदण्डः

- जिल्लास्तरीय मेला/महोत्सव/प्रदर्शनी/दिवस समारोहको सहआयोजक/प्रर्वद्धकको रुपमा संचालन/सहभागिता गर्नुपर्नेछ।
- मन्त्रालय/निर्देशनालय तथा भेटेरिनरी अस्पतालले आफैंले वा अन्य संघसंस्थाको सहकार्यमा उत्पादन तथा प्रविधि प्रदर्शनी कार्यक्रम संचालन गर्नुपर्नेछ।
- उत्पादन वा प्रविधि सम्बन्धी आवश्यक सामाग्री खरिद तथा वितरण गर्नुपर्नेछ।
- विभिन्न पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको प्रवर्द्धन हुने मेलामा आर्थिक सहयोग सहित सहभागीता जनाउन सकिने।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- उत्पादकहरुको माग अनुसार कार्यालयले स्थान तथा सहभागी छनौट गर्नुपर्नेछ।
- प्रदर्शनींको बिषय अनुसारको सम्बन्धित बिज्ञ/प्राविधिकले प्रभावकारी कार्य योजना बनाइ सोही अनुसार गर्नुपर्नेछ।
- प्रदर्शनी पश्चात प्रतिवेदन तथा प्रभावकारिता अध्ययन प्रतिबेदन माथिलो निकायमा पठाउनुपर्नेछ।

(घ) आर्थिक मापदण्डः

- कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्नु पर्नेछ।
- कृषकहरुलाई कुनै विषय वा प्रविधि सम्बन्धी प्रदर्शनी गर्नुपर्ने भएमा प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार गर्नुपर्नेछ ।

मा. इस्माईल मन्सुरी
मन्त्री



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

प्रदेश सचिव

## परिच्छेद-६
## पशुपन्छी उत्पादन/प्रवर्द्धन कार्यक्रम

### ४३. पशुपन्छी प्रवर्द्धन कार्यक्रम

(क) **उद्देश्यः**

- उन्नत नश्लका पशुपन्छी विकास तथा विस्तार मार्फत पशुपन्छी उत्पादन केन्द्रको रुपमा स्थापित भइ उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने र खाद्य सुरक्षा प्रवर्द्धन गर्ने।
- कृषकलाई आधुनिक प्रविधिको बिस्तार मार्फत व्यवसायिक प्रणालीमा रूपान्तरण गर्दै आयस्तर वृद्धिका साथै रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- पशुपन्छी र पशुपन्छीजन्य उत्पादनहरूको बजारीकरणमा सहजीकरणका साथै मूल्य शृङ्खला सुधार गर्दै स्वच्छ, स्वास्थ्य एंव गुणस्तरीय उत्पादनको प्रवर्द्धन तथा प्रशोधन, विविधिकरण, बिक्री वितरणको स्तरउन्नती, र उत्पादनको उपलव्धता सुनिश्चित गर्नमा टेवा पुऱ्याउने।
- निर्यातको सम्भावना भएका पशुजन्य उत्पादनहरुको प्रवर्द्धन गर्ने।

(ख) **प्राविधिक मापदण्डः**

- यो कार्यक्रम कोशी प्रदेशका सवै जिल्लामा चरणबद्ध रूपमा लागू हुने।
- यो कार्यक्रममा विभिन्न तहका कृषक/महिला/युवाहरु/दलित/ विपन्न समुदाय/सहकारी संस्था/कृषक समूह/कम्पनी/उद्यमी तथा निजी क्षेत्रका सहभागिता हुने।
- पशुपन्छीबाट उत्पादित वस्तुहरु (दुध, मासु, अण्डा, ऊन तथा माछा) तथा पशुपन्छीका उन्नत नश्लहरुको उत्पादन र बजारीकरण लाई लक्षित गरी दिगोपना एंव सुदृड बजारको लागि निम्न अनुसारका प्रवर्द्धन कार्यक्रमहरु संचालन हुने तथा प्रादेशिक आवश्यक्तानुसार थप गर्न सकिनेछ ।

- ➢ गाई/भैंसी/याक/नाक/चौरी प्रवर्द्धन कार्यक्रम
- ➢ बाखा, भेडा, सुँगुर/बंगुर पालन प्रवर्द्धन कार्यक्रम
- ➢ कुखुरा (Broiler/ Layer/ Local chicken/ Quail/Turkey/Duck etc.) प्रवर्द्धन कार्यक्रम
- ➢ मत्स्यपालन प्रवर्द्धन कार्यक्रम
- ➢ पशु प्रजनन् प्रवर्द्धन कार्यक्रम
- ➢ पशु आहारा उत्पादन र संरक्षण प्रवर्द्धन कार्यक्रम
- ➢ डेरी/दूध संकलन केन्द्र/चिलिंग सेन्टर/मिटमार्ट/हाटबजार प्रवर्द्धन
- ➢ चिज छुर्पी प्रवर्द्धन कार्यक्रम
- ➢ पशुवधशाला/वधस्थल स्थापना र मासु भण्डारण तथा विक्री वितरण प्रवर्द्धन कार्यक्रम
- ➢ श्रोत केन्द्र स्थापना/प्रवर्द्धन कार्यक्रम
- ➢ पशुपन्छी उद्योग स्थापना/प्रवर्द्धन कार्यक्रम
- ➢ जैविक सुरक्षा (Biosecurity) प्रवर्द्धन कार्यक्रम

मा. इस्माईल मन्सुरी
मन्त्री



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

- पशुपन्छी तथा मत्स्यको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम
- पशुपन्छी तथा मत्स्य सहित उत्पादनहरुको बजार व्यवस्थापन कार्यक्रम

- उद्योग कृषि तथा सहकारी मन्त्रालयको नीतिगत मार्गदर्शन अनुसार पशुपन्छी तथा मत्सय विकास निर्देशनालय तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानिय तह/सहकार्य गर्ने विभिन्न सँस्थाहरुको सहकार्यमा कार्यक्रम कार्यान्वयन हुने।
- कार्यक्रम लागु भएको क्षेत्रको लक्षित पशुपन्छी तथा मत्स्यको उत्पादनमा कम्तिमा १५ प्रतिशतले वृद्धिका साथै सम्बन्धित मूल्य श्रृंखला कर्ताको आयमा वृद्धि हुने।

(ग) **संचालन प्रकृया/क्रियाकलापः**

- प्रदेशको जिल्लास्थित स्थानिय तहको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था अनुसार पशुपन्छी तथा मत्स्य क्षेत्रको अवस्था तथा आवश्यक्तावारे स्थानिय तहहरुका पशु सेवा शाखाहरुसित छलफल गरी विज्ञ केन्द्रले पशुपन्छी प्रवर्द्धनको सम्भावित क्षेत्रको पहिचान गर्ने।
- सम्भावना पहिचान भएको क्षेत्रका बस्तुस्थिती लगायत छनौट गर्ने पुष्टिहरु जस्तै कृषक/उद्यमि/कृषक समूह/सहकारीको आवद्धता, विपन्न/ महिला/युवालाई सामावेशीको सम्भावना लगायत भौगोलिक एंव प्राविधिक उपयुक्तता, लक्षित क्षेत्रको उत्पादन अवस्था, सृजनात्मकता एंव नवीनताको सम्भावना, उद्देश्य प्राप्ती तथा अपेक्षित प्रतिफल, प्राविधिकको उपलव्धता, बजारको स्थिति जस्ता मापदण्ड अनुरुप कार्यक्रम कार्यान्वयनका आधारहरुको अनुसूची-१३, अनुसूची-१४ र अनुसूची-१५ बमोजिमको विवरण सहित प्राविधिक प्रतिवेदन बिज्ञ केन्द्रले स्थानिय तह संग माग गर्ने।
- स्थानिय तहहरुबाट सिफारिस भइ आएका कार्यक्रम तथा कार्यान्वयन स्थलको प्रतिवेदनको बिज्ञ केन्द्रबाट प्रारम्भिक जाँच पश्चात स्थलगत मूल्याङ्कन गरी प्राथमिकिरण सहितको सूची तयार गरी बिज्ञ केन्द्रको आयोजनामा बस्ने स्थानिय तहमा कार्यरत्त प्राविधिक कर्मचारीहरु बीच समन्वय तथा प्रगति प्रेषण सम्बन्धि बैठकमा मूल्याङ्कन नतिजाबारे छलफल गरी पशुपन्छी प्रवर्द्धन कार्यक्रमको लाभग्राही तथा क्षेत्र छनौट गर्ने।
- बिज्ञ केन्द्रले स्थानिय तह पशु सेवा शाखाको प्रतिनिधि समेतको उपस्थितिमा छनौट भएको क्षेत्रका लाभग्राही सित छलफल गरी उद्देश्य प्राप्तिका लागि औचित्य, आवश्यक्ता र सम्भावनाका आधारमा संचालन गर्नुपर्ने क्रियाकलाप चयन गरी कार्यक्रमको बजेट अनुरुप बार्षिक कार्ययोजना तयार गरी स्वीकृत गर्ने । सम्भावित क्रियाकलापहरु निम्नानुसार हुनेछ।
  - कार्यक्रम संचालन इकाईको गठन तथा परिचालन
  - कार्यक्रम सर्वजनिकिकरण
  - पशुपन्छीको नश्ल सुधार

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

- प्राकृतिक गर्भाधानको विवरण अध्यावधिक तथा प्रजनन् योग्य भाले पशुको मूल्याङ्कन/स्कोरिङ्ग
- जौविक सुरक्षा तथा असल पशुपालन अभ्यास
- पशुपालनमा साना यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम
- आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण र खोप कार्यक्रम
- पशु स्वास्थ्य/बाझोपन निवारण कार्य/शिविर सञ्चालन
- पशु आहाराको लागि घाँस विकास कार्यक्रम
- चरन खर्क विकास/व्यवस्थापन
- आहारा संरक्षण कार्यक्रम
- कृषकस्तर तालिम तथा अन्तर्क्रिया
- जानकारी मूलक सन्देश प्रकाशन प्रसारण
- बजार सूचना प्रणाली विकास/विस्तार
- उन्नत प्रविधि प्रसार तथा नवीनतम प्रविधि प्रदर्शनी कार्यक्रम
- चिज छुर्पी तथा अन्य दुग्धजन्य उत्पादन प्रवर्द्धन
- श्रोत केन्द्र प्रवर्द्धन
- सामाजिक परिचालक/प्राविधिक व्यवस्थापन
- कार्यक्रम अनुगमन मूल्याङ्कन र प्रतिवेदन
- तथ्याङ्क संकलन तथा प्रतिवेदन
- अनुसन्धान तथा अध्ययन कार्यक्रम
- सार्वजनिक सुनुवाई

- स्वीकृत बार्षिक कार्यक्रमको क्रियाकलापहरु बारे छलफल गरी लाभग्राही कृषक समूह/समिति/सहकारी/उद्यमी/निजी वा सरकारी इकाई सित लक्षित समयसिमा भित्र सम्पन्न गर्ने गराउनका लागि द्विपक्षिय सम्झौता गर्ने।
- संचालित कार्यकमको प्रगति उपलब्धि र चुनौतीहरुको अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने तथा आवधिक तथा बार्षिक प्रगति माथिल्लो निकायमा समेत पेश गर्ने ।
- हरेक आर्थिक वर्षको अन्तयमा कार्यक्रमको समग्र प्रभाव मूल्यांकन गर्ने र भविष्यका लागि आवश्यक सुझावहरु संकलन गर्ने।
- साथै जानकारी आदान प्रदान गर्न सरोकारवालाहरुको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने।

(घ) **आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक औषधी, खोप, फिड सप्लीमेन्ट, घाँसको बिउँ/ वेर्ना/ सेट्स/स्लिप्स, UMMB तथा अन्य सामग्री र व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ अनुसार खर्च गर्नु पर्नेछ।



प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## ४४. पशु श्रोत केन्द्र पहिचान तथा व्यवस्थापन कार्यक्रम

**(क) उद्देश्य**

- उच्च गुणस्तरको पशुहरुको श्रोत केन्द्रहरूको पहिचान र वर्गीकरणका स्पष्ट मापदण्डहरू निर्धारण गर्नु।
- पशु श्रोत केन्द्रहरूको स्थापना, सञ्चालन, र दिगो व्यवस्थापनका लागि पशुहरूको विकास, संरक्षण, विस्तार एंवम प्रवर्द्धन गर्नु।
- उच्च गुणस्तरको पशुहरुको उपलब्धता सहज गराउनु तथा व्यवसायिक पशुपालक कृषकहरुलाई बजारिकरणमा सहयोग पुरयाउनु।

**(ख) प्राविधिक मापदण्ड**

- स्थानीय आवश्यक्ता एंव सम्भाव्यताको आधारमा पशुपालन, पशु प्रजनन्, पशु स्वास्थ्य, पशु उत्पादन, अनुसन्धान, तालिम, पशुजन्य उद्योग/बजार वा जैविक स्रोत व्यवस्थापन/व्यवसायसँग सम्बन्धित प्रदेशभित्र रहेका सरकारी इकाई/सामुदायिक संस्था/कृषक समूह/ सहकारी संस्था/ कम्पनी/उद्यमीलाई समेटी निम्नानुसार वर्गिकरण गरी पहिचान गरीएको पशु श्रोत केन्द्रहरुको बर्गिकरण सहित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थलगत अनुगमनको प्रतिवेदन सहितकव सिफारिसको आधारमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशी प्रदेशले मान्यता प्रदान गर्ने तथा स्विकृत बार्षिक कार्यक्रम अनुसार सम्बन्धित कार्यालयले पशु श्रोत केन्द्रको समुचित व्यवस्थापन गर्ने।

**तालिकाः पशु स्रोत केन्द्रको पहिचान तथा वर्गीकरणको लागि आधारहरु**

| बस्तु | वर्गीकरण | | | कैफियत |
|---|---|---|---|---|
| | "क" | "ख" | "ग" | |
| गाई | ५०० भन्दा वढी संख्या वा प्रति दिन २००० भन्दा वढी लिटर दूध | ३०० देखि ४९९ संख्या वा प्रति दिन १००० देखि २००० लिटर दूध | १०० देखि २९९ संख्या वा प्रति दिन ४०० देखि १००० लिटर दूध | |
| भैंसी | २०० भन्दा वढी संख्या वा प्रति दिन ५०० भन्दा वढी लिटर दूध | १०० देखि १९९ संख्या वा प्रति दिन २५० देखि ५०० लिटर दूध | ५० देखि ९९ संख्या वा प्रति दिन १५० देखि २५० लिटर दूध | |
| याक नाक | १०० भन्दा वढी संख्या | ५० देखि ९९ संख्या | कम्तिमा २० देखि ४९ संख्या | |
| बाख्रा | १००० संख्या भन्दा वढी | ५०० देखि ९९९ संख्या | २५० देखि ४९९ संख्या | |
| बंगुर | ५०० भन्दा वढी संख्या | ३०० देखि ४९९ संख्या | १०० देखि २९९ संख्या | |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- पशु श्रोत केन्द्रको पशुहरुको प्रवर्द्धन एंव उन्नत नश्लका पशुहरूको विकास/ संरक्षण/ प्राविधिक सेवा प्रवाहमा विस्तार र व्यवस्थापन मार्फत उच्च गुणस्तरको पशु तथा पशुजन्य उत्पादन सुनिश्चित गर्न कार्यक्रम संचालन गर्नु पर्नेछ।
- कानुन बमोजिम दर्ता भएका फर्म/कम्पनी/सहकारी/कृषक समूह/सामुदायिक संस्था वा सरकारी निकाय मार्फत परिचालन गर्नु पर्नेछ।
- पशु श्रोत केन्द्रका लागि तोकिएको मापदण्ड पालना नगरेमा सम्बन्धित निकायले सचेत गराउने वा मान्यता खारेज गर्ने सम्मको कारबाही गर्न सक्ने।
- श्रोत केन्द्र पहिचान पश्चात सम्बन्धित श्रोत केन्द्रको समेत साझेदारीमा वित्र केन्द्रले प्राविधिक सेवा प्रवाहमा सहयोग गर्ने तथा प्रदेश सरकारको वार्षिक बजेटमा विनियोजन अनुरुप कार्यक्रम संचालन हुने।
- साथै आवश्यक्ता अनुसार संघीय सरकार/स्थानिय सरकार/विकास साझेदार/निजी क्षेत्रको सहकार्यमा पनि स्रोत जुटाउन सकिनेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- विज्ञ केन्द्रले जिल्ला स्थित पालिकाहरुलाई पत्राचार गरी पशु श्रोत केन्द्रको पहिचानका लागि मापदण्ड पुरा गर्ने सम्भावित क्षेत्रको प्रतिवेदन सहितको विवरण माग गर्ने।
- विज्ञ केन्द्रले प्राप्त प्रतिवेदनहरुको प्रारम्भिक जाँच पश्चात स्थलगत मूल्याङ्कन गरी प्राथमिकिकरण सहितको सूची तयार गरी बिज्ञ केन्द्रको आयोजनामा बस्ने स्थानिय तहमा कार्यरत्त प्राविधिक कर्मचारीहरु बीच समन्वय तथा प्रगति प्रेषण सम्बन्धि बैठकमा मूल्याङ्कन नतिजाबारे छलफल गरी कार्यक्रमको लाभग्राही तथा क्षेत्र छनौट गर्ने।
- बिज्ञ केन्द्रले छनोट भएका लाभग्राही तथा क्षेत्रको कोड नम्बर सहित पशु श्रोत केन्द्रको मान्यता प्रदान गर्नका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पत्राचार गर्ने
- निर्देशनालयबाट मान्यता प्राप्त पशु श्रोत केन्द्र र बिज्ञ केन्द्र बिच गरीएको सर्तहरु सहितको सम्झौताको आधारमा स्वीकृत बजेटको परिधिमा रही साझेदार कार्यक्रमहरु निर्धारण गरी कार्यहरु सञ्चालन गर्ने।
- पशुको स्वास्थ्य जाँच र परजीवी नियन्त्रण, पशु खोप, पशु प्रजनन् प्रवर्द्धन, पशुहरूको वंशावली रेकर्ड (Pedigree Record) व्यवस्थापन, प्रजनन् तालिका (Breeding Calendar) तयारी र सोही अनुसार कार्य, पशुहरूलाई वर्षैभरि पर्याप्त घाँसको उपलब्धता सुनिश्चितता र सन्तुलित आहाराको प्रवर्द्धन, उत्पादित पशु वा पशु उत्पादनको बिक्री वितरणका लागि स्पष्ट बजार रणनीति तयारी, नविनतम प्रविधिको प्रसार/ प्रविधि प्रदर्शन/अन्तर्क्रिया/तालिम/गोष्ठी तथा अन्य प्रवर्द्धनात्मक र व्यवस्थापकिय क्रियाकलापहरु संचालन सहित पशु श्रोत केन्द्रको स्थलगत अनुगमन तथा मूल्याङ्कन, त्रैमासिक प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन तयारी जस्ता कार्यहरु गर्ने।



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- आवश्यक्ता अनुसार पशु श्रोत केन्द्रमा प्राविधिक सहजकर्ताको व्यवस्थापन गर्न सक्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक औषधी, खोप, फिड सप्लीमेन्ट, घाँसको बिउँ/ वेर्ना/ सेट्स/स्लिप्स, UMMB लगायतका सामग्रीहरु र व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

## परिच्छेद-७

## मत्स्य प्रसार कार्यक्रम

**४५. माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि तथा नदी प्रणालीको जलीयजीव संरक्षण कार्यक्रमः**

**(क) उद्देश्य**

- जलीय जैविक विविधता, वातावरण तथा जलचरहरुको संरक्षण र ब्यबस्थापन गर्नु।
- माछामारी जीविकोपार्जन गर्ने समुदायहरुको खाद्य तथा पोषण सुरक्षा र रोजगारीमा टेवा पुऱ्याइ जीवनस्तरमा सुधार ल्याउनु ।

**(ख) प्राविधिक मापदण्डः**

- परम्परागत रुपमा माछा मारी जिवीकोपार्जन गर्ने समुदायहरुलाई कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।
- प्राकृतिक जलाशय र प्रादेशिक नदि प्रणाली भित्र यो कार्यक्रम संचालन गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- स्थानिय निकायको सहकार्यमा माछामारी जिविकोपार्जन गर्ने समुदायलाई कार्यक्रममा आवद्ध गराई समिति गठन गरी परिचालन गराउनु पर्नेछ।
- समिति संचालनका लागि कार्यक्रम तर्जुमा गर्न सकिनेछ।
- जल तथा जलीय जीव व्यवस्थापन तालिम संचालन गराउनु पर्नेछ।
- तालिममा जालको साईज, संवेदनशील स्थान र माछाका प्रजाति, माछा मार्ने महिना तथा समय, स्थानिय जातीका माछालाई परेको संकट र तिनको सम्वर्धन सम्बन्धि आवश्यक विषय सम्बद्ध तालिम तथा सामग्री खरिद गरी वितरण गर्नुपर्नेछ।
- रैथाने जातका माछाको नमुना संकलन र संरक्षण गर्नुपर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- आवश्यक ब्यवस्थापकिय सामाग्रीहरु खरिद तथा व्यवस्थापन स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी मन्त्री

२०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**४६. मत्स्य उत्पादकत्व निर्धारणः**

**(क) उद्देश्य**

- मत्स्य उत्पादन तथा उत्पादकत्व निकाल्नु।
- पोखरीको उत्पादन क्षमताको विश्लेषण गरी मत्स्य स्टकिंग दर निर्धारण गरी सघन उत्पादनमा बृद्धि गर्नु ।
- मत्स्य उत्पादनको लाभलागत बारे विश्लेषण गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- उत्पादकत्व निर्धारण गरीने पोखरीको न्युनतम जलाशय हिमाल/पहाडमा ५० वर्ग मिटर र तराईमा कम्तिमा १ कठ्ठा हुनुपर्नेछ।
- ट्राउटमाछा पालन तर्फ न्युनतम १० वर्ग मिटरको रेस-वे भएको हुनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- समग्र जिल्लाको प्रतिनिधित्व हुने गरी कार्यालयले विभिन्न क्षेत्र/जलाशय छनौट गरी कृषक/संचालक संग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।
- मत्स्य प्राविधिक द्वारा जलाशयमा रहेका माछाहरुको जात अनुसारको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ पटक बृद्धिदर जाँच गरी माछाको बृद्धिको आधारमा जलाशयको उत्पादकत्व निकाल्नु पर्नेछ।
- मत्स्य उत्पादकत्व निर्धारण गर्न आवश्यक सामग्री र लजिष्टिक कार्यालयले व्यवस्थापन गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- आवश्यक व्यवस्थापकिय सामाग्रीहरु खरिद तथा व्यवस्थापन स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**४७. व्यवसायिक मत्स्य फार्महरुमा स्लगत मत्स्य उपचार तथा प्राविधिक परामर्श सेवा/शिविर संचालनः**

**(क) उद्देश्य**

- ब्यवसायिक मत्स्य फार्महरुमा स्थलगत रुपमा मत्स्य स्वास्थ्य तथा प्राविधिक परामर्श सेवा पुर्याउनु।
- जिल्लामा देखिने मत्स्य रोग तथा परजिविहरुको पहिचानका साथै व्यवस्थापनमा सहयोग गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- मत्स्य फार्मले सेवा प्राप्त गर्न न्युनतम तराइमा ६ कठा र पहाड तथा हिमालमा १ रोपनी क्षेत्रफलको पोखरी हुनु पर्नेछ।
- स्थानिय तह र मत्स्य फार्मसंग सहकार्य गरी शिविर संचालन गराउनु पर्नेछ।
- शिविरमा कम्तिमा १ जना मत्स्य विषय लिइ न्युनतम स्नातक उतिर्ण भएको मत्स्य विकास अधिकृत सामेल भएको हुनु पर्नेछ।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

### (ग) संचालन प्रकृया/क्रियाकलापः

- मत्स्य स्वास्थ्य सम्बन्धि सर्भे एवं सर्भिलेन्स कार्यहरु गराउनु पर्नेछ।
- मत्स्य रोग, मत्स्य दाना र पानीको गणुस्तर परीक्षण सम्बन्धी नमुना संकलन तथा प्रयोगशाला सेवा संचालन गराउनु पर्नेछ।
- मत्स्य रोग देखा परेका पोखरीहरुको उपचारमा आवस्श्यक उपचार, औषधी, तथा रसायन वितरण गराउनु पर्नेछ र सोको रेकर्ड राख्नु पर्नेछ।
- व्यवस्थापकिय कमि कमजोरीका सुधारका उपायहरु कृषकलाइ जानकारी गराउने तथा अन्य परामर्श प्रदान गराउनु पर्नेछ।

### (घ) आर्थिक मापदण्डः

- विज्ञ सेवा तथा औषधी र अन्य लजिस्टिक खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

## ४८. प्राकृतिक तथा सार्वजनिक जलाशयहरुमा माछा भुरा छोड्नेः

### (क) उद्देश्य

- प्राकृतिक तथा सार्वजनिक जलाशयमा माछाको भुरा छोडी माछाको उत्पादनमा वृद्धिका साथै स्थानिय तथा उपभोक्ता समितिको आयश्रोत बढाउनु।
- जलाशयको जैविक बिबिधता संरक्षणमा सहयोग पुर्याउनु।

### (ख) प्राविधिक मापदण्डः

- कम्तिमा १० ग्राम साइज को नेपाल सरकारले सिफारिस गरेको माछाको भुरा कार्यालयले छनौट गरेको जलाशयमा छोड्नु पर्नेछ।
- भुरा खरिद तथा ढुवानी गर्न आवश्यक भुरा, सामाग्री तथा ढुवानी साधन, बिज्ञको परामर्श सेवा शुल्क र आवश्यक व्यवस्थापकिय खर्च कार्यालयले गराउनु पर्नेछ।

### (ग) संचालन प्रकृया/क्रियाकलापः

- कार्यालयले प्राकृतिक तथा सार्वजनिक जलाशयको पहिचान गरी सम्बन्धित स्थानिय एवं उपभोक्ता समितिलाई जानकारी गराउनु पर्नेछ।
- कार्यालयले जलाशयको घनत्व तथा प्राकृतिक आहाराको उपलब्धताको आधारमा भुरा संख्या निर्धारण गराउनु पर्नेछ ।
- स्थानीय निकायको सहकार्यमा यो कार्यक्रम संचालन गराउनु पर्नेछ।
- कार्यालयले सरकारी/निजि नर्सरी तथा ह्याचरीबाट माछाको भुरा खरिद गराउनु पर्नेछ ।

### (घ) आर्थिक मापदण्डः

- आवश्यक व्यस्थापकिय सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

## ४९. केज कल्चरप्रविधि प्रदर्शन कार्यक्रमः



मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

(क) उद्देश्य

- सामान्य ढंगले संचालनमा ल्याउन नसकिने जलाशयको सदुपयोग गर्नुका साथै प्रविधि प्रयोग मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
- सदुपयोगमा आउन नसकेका जलाशयलाई नविनतम प्रविधिको माध्यमद्वारा सदुपयोगमा ल्याई उत्पादकत्व बढाउनु।

(ख) प्राविधिक मापदण्डः

- केजको साइज कम्तिमा ५ मी. X ५ मी. X २ मी. (५० घ.मी.) को भएको हुनु पर्नेछ।
- पानीको गहिराइ कम्तिमा पनि ४ मिटर हुनु पर्नेछ।
- जलाशयको क्षेत्रफल कम्तिमा १५ कठ्ठाको हुनुपर्नेछ साथै यातायातको सुविधा भएको जलाशयलाई प्राथमिकता दिइनेछ।
- पानीको तापक्रम र गुणस्तर प्राविधिक मापदण्ड पुगेको हुनुपर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलाप

- स्थल छनौटको लागि सम्भाव्यताका आधारमा प्राकृतिक तथा सार्वजनिक जलाशयका संचालक समितिहरुसंग समन्वय गरी उपयुक्तताको आधारमा छनौट गर्नु पर्नेछ।
- कम्तिमा ५० ग्राम भन्दा माथिको साइजको माछा भुरा केजमा स्टक गर्नु पर्नेछ।
- करिव १२० दिन सम्म माछा पालन गर्नु पर्ने अवधिमा केज सफा गरे नगरेको, दाना सेडुल अनुसार दिए नदिएको, पानीको तापक्रमको परिक्षण, माछाको बृद्धि जाँच आदि कार्य गर्न हरेक १५/१५ दिनमा स्थलगत अनुगमन गर्नु पर्नेछ।

(घ) आर्थिक मापदण्डः

- आवश्यक ब्यवस्थापकिय सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

५०. माछा भुरा खरिद तथा वितरणः

(क) उद्देश्य

- हिमाली तथा पहाडी जिल्लामा उपलब्ध रहेको जल श्रोतको उपयोग गरी मत्स्यपालनलाई बढावा दिनु।

(ख) प्राविधिक मापदण्डः

- सरकारी फर्म वा दर्ता भएका निजि मत्स्य फर्म/ह्याचरी/श्रोत केन्द्रबाट उत्पादित भुरा खरिद गराउनु पर्नेछ।
- कार्यक्रम हिमाली तथा पहाडी क्षेत्रमा मात्र लागु हुनेछ।
- नेपाल सरकारले सिफारिस गरीएका जातका माछाहरु (warm water , cool water, cold water and ornamental species) मात्र खरिद गराउनु पर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- कार्यालयले मत्स्य कृषकहरुको माछाको भुराको माग संकलन गरी अन्तिम सूची तयार गरी वितरण गराउनु पर्नेछ।
- कार्यक्रम संचालनका लागि आवश्यक भुरा, ढुवानी साधन तथा अन्य लजिष्टिकको व्यवस्था कार्यालयले गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- भुरा खरिद, ढुवानी तथा सामग्री व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**५१. नविनतम मत्स्य उत्पादन प्रबिधि प्रदर्शन तथा बिस्तारः**

**(क) उद्देश्य**

- अनुसन्धानबाट स्थापित नविनतम प्रबिधिको बिस्तार एबम प्रसार गरी मस्त्यजन्य उत्पादनमा बृद्धि गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- अनुसन्धानबाट बिकसित भै परिक्षण भैसकेको प्रबिधि हुनु पर्नेछ।
- स्थलगत अध्ययन पश्चात सम्भाब्यताको आधारमा प्रविधि छनौट गराउनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कम्तिमा १० वटा फार्महरुमा यो प्रदर्शनी कार्यक्रम संचालन गर्नु पर्नेछ।
- प्राप्त नतिजाको दस्तावेज र अभिलेखीकरण अनिवार्य रुपमा कार्यालले राखेको हुनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- आवश्यक ब्यवस्थापकिय सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**५२. मत्स्य स्वास्थ्य शिविर कायर्क्रमः**

**(क) उद्देश्य**

- व्यावसायिक सघन मत्स्य पालनमा देखा पर्ने मत्स्य रोग तथा पानीका गुणस्तर सम्बन्धि समस्याको स्थलगत पहिचान गरी समाधान गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- कार्यालयले पहिचान गरेको मत्स्य पकेट क्षेत्रका कम्तिमा १५ जना ब्यवसाहिक माछापालक कृषकहरुलाई समेटिएको हुनु पर्नेछ।
- मत्स्य स्वास्थ्य शिविर कार्यक्रम कम्तिमा ३ दिन देखी ५ दिन सम्मको हुनेछ।
- शिविरमा कम्तिमा १ जना मत्स्य विषय लिइ न्युनतम स्नातक गरेको मत्स्य विकास अधिकृत सामेल भएको हुनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश, नेपाल

- सम्बन्धित स्थानिय तह संगको समन्वयमा सुचना आदान प्रदान गरी स्थान छनौट गरीनेछ ।
- सरोकारवाला कृषकहरुको समस्यालाई लक्षित गरी यन्त्रउपकरण वा रसायनको प्रयोग गरेर समाधान गराउनु पर्नेछ।
- आवश्यकता अनुसार पोखरीहरुको पानीको गुणस्तर जाँच एवं माछामा देखा परेका समस्याहरुको समाधानका उपायहरुको बारे जानकारी गराउदै उपलब्धता अनुसार आवश्यक औषधी उपकरण सामाग्रीहरु उपलब्ध गराउनु पर्नेछ।
- कार्यालयले शिविर सञ्चालन गर्न आवश्यक पर्ने बिज्ञ/प्राबिधिक, सामाग्रीहरु जस्तै रसायन, उपकरणहरु, प्रसार सामग्री र प्राविधिक जनशक्ती आदिको ब्यवस्थापन गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- विज्ञ सेवा तथा औषधी र अन्य लजिस्टिक खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**५३. आकस्मिक मत्स्य उपचारः**

**(क) उद्देश्य**

- अचानक महामारी रोग/प्राकृतिक प्रकोपको कारण मत्स्यको क्षति हुन गएमा समस्याको पहिचान गरी तत्काल समाधान गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- बिषय विषेशज्ञ /प्राबिधिकबाट स्थलगत अध्ययन गरी समस्या तथा समाधान सहितको प्रतिवेदन तयार गराउनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- स्थलगत अनुगमन गरी अवस्थाको विवरण संकलन गरी निर्देशनालयलाई प्रेषण गराउनु पर्नेछ।
- पहिचान गरीएको समस्याहरुको समाधानका उपायहरु निर्देशनालय वा विषय विषेशज्ञ बाट प्राप्त गरी अबलम्बन गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- विज्ञ सेवा तथा औषधी र अन्य लजिस्टिक खरिद स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**५४. नश्ल सुधारका लागि उन्नत माउ माछा वितरण कार्यक्रमः**

**(क) उद्देश्य**

- उन्नत माउ माछा वितरण मार्फत उपयुक्त नश्लको माछाको विस्तारका संगसगै माछाको उत्पादकत्वमा बृद्धिका साथै Inbreeding को समस्यालाई न्युनिकरण गराउनु।



उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

(ख) प्राविधिक मापदण्डः

- शुद्ध नक्षको माउ माछा Future Brood PIT (Passive Integrated Transponder) Tag लगाएको हुनु पर्नेछ।
- नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको शुद्ध नक्षको हुनु पर्नेछ।
- शुद्ध नक्षको माछा प्रजनन् उद्देश्यका लागि ह्याचरीकर्तालाई मात्र उपलब्ध गराइनेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- पहिचान चिन्ह PIT (Passive Integrated Transponder) Tag सहितका शुद्ध नक्षका माउ माछाहरु सरकारी मत्स्य विकास केन्द्र वा नेपाल सरकारले सिफारिस गरेको श्रोत केन्द्रहरुबाट उत्पादन भएको हुनुपर्नेछ।
- उन्नत माउ माछाहरु स्टक गर्नका लागि ह्याचरीकर्ताले छुट्टै व्यवस्थित माउ पोखरीको व्यवस्थापन गर्नु पर्नेछ।

(घ) आर्थिक मापदण्डः

- स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

५५. कृषक स्तरमा पंगास माछाको भुरा उत्पादन कार्यक्रमः

(क) उद्देश्य

- पंगासियस माछाको भुरामा कृषकको पहुँच बढाउने।
- पंगासियस माछाको भुराको माग अनुसार आपुर्ति बढाउने।
- पंगासियस माछाको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आयात प्रतिस्थापन गर्ने।

(ख) प्राविधिक मापदण्डः

- जलाशय क्षेत्रफल नर्सरी व्यवस्थापनको लागि कम्तिमा १० कट्ठा हुनुपर्नेछ।
- भौगोलिक तथा प्राविधिक उपयुक्तता भएको हुनुपर्नेछ।
- भुरा उत्पादन कार्यको लागि मत्स्य ह्याचरी/नर्सरीकर्ताको आवश्यक संरचनाहरु निर्माण भएको हुनुपर्नेछ।

(ग) संचालन प्रकृया/क्रियाकलापः

- बजेटको परिधिभित्र रहि निम्न अनुसारका क्रियाकलापहरु मध्ये आवश्यकता अनुसार संचालन गर्न सकिनेछ।
- मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रले आफैले वा अन्य संघ संस्थाको सहकार्यमा प्रविधि प्रदर्शन कार्यक्रम संचालन गरीनेछ।
- उत्पादन/प्रविधि सम्बन्धि आवश्यक सामाग्री खरिद तथा वितरण कार्य।
- ह्याचरीकर्ता संगको कार्यक्रम संचालनको लागि उन्नत माउ माछा वितरण।
- नर्सरीकर्ताको लागि पंगासियस माछाको भुरा (ह्याच/फ्राई) वितरण।
- पानी/दाना/माछाको नमुना संकलन तथा प्रयोगशाला परिक्षण।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी मन्त्री

- प्राकृतिक Live food उत्पादन प्रविधि प्रदर्शन।
- पंगासियस माछा सम्बन्धी तालिम तथा प्राविधिक परामर्श सेवा कार्यक्रम संचालन।

**(घ) आर्थिक मापदण्डः**

- भुरा खरिद, ढुवानी तथा सामग्री व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली,२०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**५६. माछाको भुरा ढुवानी कार्यक्रमः**

**(क) उद्देश्यः**

- मत्स्य श्रोत केन्द्रको पहुँच भन्दा टाढा रहेका मत्स्यपालक कृषकहरुलाई सहज रुपमा स्वस्थ मत्स्य भुरा उपलब्ध गराउनु।
- हिमाली तथा पहाडी जिल्लामा उपलब्ध रहेको जल श्रोतको उपयोग गरी मत्स्यपालनलाई बढावा दिनु।

**(ख) प्राविधिक मापदण्डः**

- सरकारी फर्म वा दर्ता भएका निजि मत्स्य फर्म श्रोत केन्द्रबाट उत्पादित/ह्याचरी/ भुरा उपलब्ध गराउनु पर्नेछ।
- कार्यक्रममा हिमाली तथा पहाडी क्षेत्रमा पालन गरीरहेका नेपाल सरकारले सिफारिस गरीएका जातका माछा भुराहरु ढुवानी गरीनु पर्नेछ।

**(ग) क्रियाकलाप संचालन प्रकृयाः**

- मत्स्य भुरा ढुवानीको लागि सकेसम्म किफायति श्रोत साधनलाई (नजिक र सस्तो) प्राथमिकता दिनुपर्नेछ।
- कार्यालयले मत्स्य कृषकहरुको मागको आधारमा माछा भुरा खरिद गरी ढुवानी गराउनु पर्नेछ।
- कार्यक्रम संचालनका लागि आवश्यक भुरा, ढुवानी साधन तथा अन्य लजिष्टिकको व्यवस्था कार्यालयले गराउनु पर्नेछ।

**(घ) आर्थकि मापदण्डः**

- भुरा खरिद, ढुवानी तथा सामग्री व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन 2064 ,सार्वजनिक खरिद नियमावली ,2063 ,तथा प्रदेश सार्वजनिक खरिद नियमावली 2077,र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका 2079 ,अनुसार खर्च गर्नु पर्नेछ।

## परिच्छेद-८

## जनचेतना अभिवृद्धि, तालिम तथा अन्य प्रसार कार्यक्रम

**५७. कृषकस्तर एक देखि तीन दिने तालिमः**

**(क) उद्देश्य**

- कृषकलाई पशुपन्छी तथा मत्स्य सम्बन्धी विषयवस्तु अनुसार ज्ञान शिप प्रदान गर्नु।



उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

**(ख) प्राविधिक मापदण्डः**

- कार्यालयले कृषकको आवश्यकता अनुसार तालिमको तालिका तयार पारी तालिम संचालन गर्नु पर्नेछ। साथै प्रदेश पशु सेवा तालिम केन्द्रको पाठ्यक्रमलाई आधार मान्न सकिनेछ।
- एउटा तालिममा कम्तिमा पनि २० जना कृषक सहभागी हुनु पर्नेछ।
- 'प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८' अनुसार पशुपंक्षि तथा मत्स्य पकेट प्याकेज अनुदान कार्यक्रमका लाभग्राहीलाई सहभागिताका लागि प्राथमिकता दिई तालिम कार्यक्रम संचालन गर्नु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले तालिमका लागि सहभागीको छनौटका साथै मिति समय तथा स्थान एकिन गरी तालिम संचालन गराउनु पर्नेछ।
- तालिमको आवश्यकता अनुसार सैद्धान्तिक र व्यवहारिक कक्षाहरुका साथै अवलोकन भ्रमण संचालन गर्न सकिनेछ।
- विषय विज्ञहरुको संलग्ता सुनिश्चित गराउनु पर्नेछ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्नु पर्नेछ।
- तालिम सम्बन्धी अन्य सबै खर्च प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार गर्नु पर्नेछ।

**५८. कृषकस्तर स्थलगत व्यवहारिक तालिमः (५-७ दिने)**

**(क) उद्देश्य**

- पशुपन्छी तथा मत्स्य सम्बन्धी विषयवस्तु अनुसार व्यवसायिक फार्ममै कृषकहरुको लागि तालिम संचालन गरी व्यवहारिक ज्ञान शिप प्रदान गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- कार्यालयले कृषकको आवश्यकता अनुसार तालिमको विषयवस्तु तयार पारी स्थलगत ५-७ दिने व्यवहारिक तालिम संचालन गर्नु पर्नेछ।
- साथै प्रदेश स्तरिय पशु सेवा तालिम केन्द्रको पाठ्यक्रमलाई आधार मान्न सकिनेछ।
- एउटा व्यवहारिक तालिममा ५-१० जना सम्म कृषकहरुलाई मात्र सहभागी गराउनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले तालिमका लागि सहभागी छनौट गराउनु पर्नेछ।



प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- कार्यालयले तालिम संचालन गर्न व्यवसायिक फार्मको छनौटका साथै सम्झौता गराउनु पर्नेछ।
- सहभागीहरुलाई फार्ममै वा फार्म वरपर बस्ने व्यवस्था गर्नु पर्नेछ।
- विषय विज्ञ तथा फार्म संचालकलाई तालिम कार्यक्रममा प्रशिक्षक/श्रोत व्यात्तिको रुपमा परिचालन गर्नु पर्नेछ ।
- फार्मले दिनभरि संचालन गर्ने सबै कृयाकलापहरुमा कृषकहरुलाई सहभागी गराउनु पर्नेछ।

(घ) **आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्नु पर्नेछ।
- तालिम सम्बन्धी अन्य सबै खर्च प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार गर्नु पर्नेछ।

## ५९. ज्ञान तथा शिप अभिवृद्धी सम्बन्धी सबै प्रकारका प्रदर्शनीः

(क) **उद्देश्य**

- कृषकहरुलाई स्थापित प्रविधि तथा मेशिनरी उपकरणहरु सम्बन्धी प्रदर्शनी गराउनु।

(ख) **प्राविधिक मापदण्डः**

- पशुपन्छी तथा मत्स्य क्षेत्रकानयाँ प्रविधि तथा मेशिनरी उपकरणहरु (साईलेज, Hay making, UMMB,UTRS,Teat Dipping, Milking machine, TMR etc.) सम्बन्धी स्थलगत प्रदर्शनी कार्यक्रम संचालन गर्नुपर्नेछ।
- प्रदशर्नीका लागि चाहिने आवश्यक सामाग्री तथा मेशिनरी उपकरणहरुका साथै विषय विज्ञको व्यवस्था गर्नुपर्नेछ।
- संभव भएसम्म सहभागीहरुलाई नै क्रियाकलाप गर्न लगाउनु पर्नेछ।
- एउटा प्रदर्शनीमा कम्तिमा पनि १५ जना कृषक सहभागी भएको हुनुपर्नेछ।

(ग) **संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयले प्रदर्शनीका लागि सहभागी छनौट गरी स्थान मिति र समय तय गरी प्रदर्शनी गर्नुपर्नेछ।
- व्यवसायिक फार्महरुलाई छनौटमा प्राथमिक्ता दिनु पर्नेछ।
- प्रदर्शनी कार्यक्रमको प्रतिवेदन तयार गराउनु पर्नेछ र प्रदर्शनी पश्चात निश्चित समयमा प्रविधि अंगिकरणको अवस्थाको अनुगमन गराउनु पर्नेछ।

(घ) **आर्थिक मापदण्डः**



प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

- कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्नु पर्नेछ।
- प्रदर्शनी सम्बन्धी अन्य सबै खर्च प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार गर्नु पर्नेछ।

**६०. ज्ञान् तथा जनचेतना र शिप अभिवृद्धी सम्बन्धी सबै प्रकारका गोष्ठी/अन्तरक्रिया कार्यक्रमः (१ दिने)**

**(क) उद्देश्य**

- कृषक तथा सरोकारवालाहरुलाई पशुपन्छी तथा मत्स्य संग सम्बन्धित विषयहरुको अभिमुखिकरण गराउनु।

**(ख) प्राविधिक मापदण्डः**

- पशुपन्छी तथा मत्स्यसंग सम्बन्धितकुनै पनि बिषयवस्तु सम्बन्धी १ दिने गोष्ठी/अन्तरक्रिया कार्यक्रम संचालन गर्न सकिनेछ ।
- विषय विज्ञहरु मार्फत कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- एउटा गोष्ठी/अन्तरक्रिया कार्यक्रममा कम्तिमा पनि २५ जनाको सहभागीता भएको हुनु पर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- गोष्ठी/अन्तरक्रिया कार्यक्रमका लागि कार्यालयले सहभागी छनौट गरी तयार गरेको तालिका अनुसार संचालन गराउनु पर्नेछ ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार खर्च गर्नु पर्नेछ।
- गोष्ठी सम्बन्धी अन्य सबै खर्च प्रदेश सरकारबाट स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार गर्नुपर्नेछ ।

**६१. अध्ययन कार्यक्रमः**

**(क) उद्देश्य**

- बिषयवस्तुको उद्देश्य अनुरुप अध्ययन गरी प्रतिवेदन तयार गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- कार्यालयले अध्ययनको लागि आवश्यक भएको विषय छनौट गरी अध्ययनको उद्देश्य तथा प्रक्रिया र कार्यक्षेत्र निर्धारण गर्नु पर्नेछ।

प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय ... प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

- अध्ययन गर्दा आवश्यक योग्यता तथा अनुभव भएको जनशक्तिको संलग्ता हुनुपर्नेछ ।
- अध्ययनमा प्रचलित ढाँचा तथा सांख्यिकीय विधिहरु (statistical methods) हरुको प्रयोग भएको हुनुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- कार्यालयको जनशक्तिबाट वा कार्लायलबाट सम्भव नभएमा परामर्श दाताहरुको सेवा खरिद गरी अध्ययन कार्य गराउनु पर्नेछ।
- अध्ययन कार्य सम्पन्न भएपछि अध्ययन प्रतिवेदन तयार गरी एक प्रति निर्देशनालयलाई प्रेषण गर्नु पर्ने ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद तथा अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।
- कुनै अध्ययन कार्य अन्य संघसंस्था वा विज्ञबाट गराउनुपर्ने भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा स्वीकृत बजेट अनुसार परामर्श सेवा खरिद गरी गर्नुपर्नेछ ।

**६२. तथ्याङ्क अद्यावधिक तथा प्रकाशनः**

**(क) उद्देश्य**

- अद्याबधिक तथ्याङ्क तयार गरी प्रकाशन मार्फत व्यवस्तित तथ्याङ्कको उपलव्धता सुनिश्चित गर्नु।

**(ख) प्राविधिक मापदण्डः**

- तथ्याङ्क यथार्थपरक रविधि सम्वद्ध हुनुपर्नेछ।
- पुष्टी गर्नेआधारहरु भएको हुनुपर्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- रेन्डम सेम्पलिङ बिधि र प्रचलित तथ्यांकीय टुलहरुको प्रयोग गरी तथ्याङ्क व्यवस्थापन गराउनु पर्नेछ ।
- समग्र जिल्लाकोबस्तुस्थिती झलकिने खाले हुनुपर्नेछ।
- कम्तिमा १ जना अनुभवी व्यक्तिको नेतृत्व सहित २ जना सहायक सम्मिलित टीम बाट अध्ययन कार्य गर्नु पर्ने।साथै जिल्ला स्थित तथ्याङ्क कार्यालयको परामर्श लिन सकिनेछ।

**(घ) आर्थिक मापदण्डः**

- आवश्यक ब्यवस्थापिकय खर्चहरु जस्तै रिर्पोट कम्मपाईल, पुस्तिका छपाई जस्ता कार्यहरु स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३,



प्रदेश सरकार ... तथा सहकारी मन्त्रालय ... प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**६३. जिल्ला स्तरीय मेला/महोत्सव/प्रदर्शनी/ दिवस समारोहको सह-आयोजक प्रवर्द्धकको रुपमा संचालनः**

(क) उद्देश्य

- मेला/महोत्सव/प्रदर्शनी/ दिवस समारोहमा पशुजन्य उत्पादन एंव प्रविधिको प्रचार प्रसारका साथै दिवस समारोह भव्यताका साथ मनाउनु।

**(ख) प्राविधिक मापदण्डः**

- कार्यक्रममा मन्त्रालय/निर्देशनालय/भेटेरिनरी अस्पतालको सहभागीता हुन सक्नेछ।

**(ग) संचालन प्रकृया/क्रियाकलापः**

- मेला/महोत्सव/प्रदर्शनीको कार्य योजना अनुसार कार्यान्वयन गराउनु पर्नेछ।
- कार्यालयले विभिन्न पशुपन्छी सित सम्वन्धित दिवस मनाउन कार्ययोजना बनाइ कार्यान्वयन गर्न सक्नेछ ।

**(घ) आर्थिक मापदण्डः**

- कार्यक्रमका लागि आवश्यक खर्च तथा सहयोग स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार खर्च गर्नु पर्नेछ।

**६४. संशोधन तथा परिमार्जनः** यो नर्म्समा मन्त्रालयले आवश्कता अनुसार संशोधन र परिमार्जन गर्न सक्नेछ।

**६५. खारेजी र बचाउः** यो नर्म्स लागू भएसँगै पशुपन्छी प्रसार कार्यकर्म संचालन नर्म्स, २०७९ लाई खारेज गरिएको छ। पशुपन्छी प्रसार कार्यकर्म संचालन नर्म्स , २०७९ बमोजिम भएका काम कारवाही यसै नर्म्स बोजिम गरेको मानिनेछ।

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

अनुसूची-१

परिच्छेद २ को कार्यक्रम नं. ६ को खण्ड (ग) सँग सम्बन्धित

**रोगको इपिडेमियोलोजिकल अध्ययन फर्मेट (Disease Epidemiological Flash Report)**

पशु वस्तुमा शंकास्पद रोग/महामारी फैलिएको क्षेत्रबाट संकलन गरी प्रेषण गर्नु पर्ने विवरणः

- रोग देखा परेको क्षेत्रः
- रोग देखा परेको क्षेत्रको भौगोलिक अवस्थाः
- रोग देखा परेको फार्म/न.पा./गा.पा. र व्यक्तिगत विवरणः
- रोग देखा परेको पशुको किसिमःरोग देखा परेको पशुको जात/नक्षः
- रोग देखा परेको पशुको उमेरः
- बिरामी पशुको संख्याःमरेको पशुको संख्याः
- जोखिममा रहेको पशुको संख्याः
- रोगको इपिडेमियोलोजी सम्बन्धि विवरणः
  - ✓ रोगको लक्षणः
  - ✓ रोग पहिलो पटक देखा परेको मिति र समयः
  - ✓ रोगको सम्भावित श्रोतः
  - ✓ रोगी पशुको लागि दाना पानीको प्रबन्धः
  - ✓ रोग देखा परेका फर्म वा परिसरबाट भएको जनावरको ओसार पसार (भित्र वा वाहिर) रोग देखा पर्नु भन्दा एक हप्ता अघिदेखिः
  - ✓ रोग देखा परेको जनावरमा भएको उत्पादन ह्रासः
  - ✓ रोगको फैलावटको नक्सा वा क्रमः
  - ✓ आवतजावत नियन्त्रणमा गरीएको प्रबन्धः
  - ✓ रोग सम्बन्धि अन्य सुचना वा जानकारीः
  - ✓ रोग नियन्त्रण गर्न गरीएको प्रयासः
  - ✓ रोगको पहिचान गर्न संकलित नमुनाः
  - ✓ नमुना पठाएको प्रयोगशालाः
- रोगको वर्तमान अवस्थाः
- शंका गरीएको रोगः
- रोगको नियन्त्रणमा सहभागी प्रमुख व्यक्तिको नाम तथा फोन नं.-

| | |
|---|---|
| रिपोर्ट तयार गर्ने कोः | रिपोर्ट रुजुगर्नेकोः |
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| मितिः | मितिः |

कार्यालयको छापः

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

प्रदेश सरकार
भूमि तथा सहकारी मन्त्रालय
... प्रदेश, नेपाल

## अनुसूची-२
### परिच्छेद २ को कार्यक्रम नं. ७ को खण्ड (ख) सँग सम्बन्धित

*पशुपन्छी सम्बन्द्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत वितरण कार्यक्रम निवेदनको ढाँचा*

मितिः ................

श्रीमान् प्रमुख ज्यू,
..................... विज्ञ केन्द्र।
.................।

**विषयः राहत रकम सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा ............................................ विपद्ले मेरो फर्ममा ..................... क्षेत्रफलमा रहेको ............................ पशुपन्छी/माछा/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट/क्षति भई रु.................... बारबरको अनुमानित रकम क्षति भएकोले पशुपन्छी सम्बन्द्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत वितरण कार्यक्रमबाट मेरो परिवारलाई विज्ञ केन्द्रको तर्फबाट राहत रकम उपलब्ध गराउन तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरीएको अनुरोध छ।

**संलग्न कागजातहरुः**

१. नेपाली नागरीकता र जग्गाको प्रमाणित प्रतिलिपी
२. क्षति सम्बन्धी वडा र प्रहरीको मुचुल्का
३. पिडित कृषकको बैंक खाता नं........................
४. सम्बन्धित स्थानीय तहको सिफारिस
५. क्षति देखिने फोटो/दृष्य/वृत्तचित्र
६. नेपाली नागरीकताको प्रतिलिपी
७. प्रविधिक प्रतिवेदन
८. पिडित कृषकको बैङ्क खाता नं.
९. सम्बन्धित स्थानीय तहको सिफारिस
१०. क्षेति देखिने फोटो/दृष्य/वृत्तचित्र्
११. बिमा गरेको वा नगरेको प्रमाण

नामः
हस्ताक्षरः
ठेगानाः
सम्पर्क नं.

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## <u>अनुसूची-३</u>

## परिच्छेद २ को कार्यक्रम नं. ७ को खण्ड (ग) सँग सम्बन्धित

*<u>पशुपन्छी सम्बन्द्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत वितरण कार्यक्रम अनुमानित लागत विवरणको ढाँचा</u>*

पिडित कृषकको नामः

ठेगानाः

फर्मको किसिम/क्षेत्रफल/पोखरी संख्या/हेक्टर

क्षतिको कारणः

क्षतिको अवस्थाः

क्षति भएको मितिः

| क.स. | विवरण | ईकाइ | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | पशुपन्छीको विवरण | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. | पूर्वाधार निर्माण खर्च विवरण (गोठ/खोर आदि) | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.................
सम्बन्धित पालिकाको पशु सेवा शाखाको प्रमुख/प्रतिनिधि

....................
विज्ञ केन्द्रको प्रमुख/ प्रतिनिधि

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

अनुसूची-४

परिच्छेद २ को कार्यक्रम नं. ८ को खण्ड (ग) सँग सम्बन्धित

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...............

व्यवसायिक पशुपालन फार्मको अवस्था मूल्यांकन तथा प्राविधिक सेवा/सल्लाह प्रदान गराउनु पर्नेछ फर्मेट

**१. फार्मको परिचयः**

१.१ फार्मको नामः

१.२ ठेगानाः

१.३ फार्म धनीको नामः

१.४ सम्पर्क नं.-

१.५ दर्ता तथा नविकरण (कार्यालय र मिति):

**२. फार्ममा पशुपन्छीको अवस्थाः**

| पशु | जात | पशुको संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माउ | दुहुना | हिफर | गर्भिनी | बाँझो | इन्फेन्ट (भाले/पोथी) | प्रजनन् योग्य भाले | अन्य | जम्मा |
| गाई | | | | | | | | | | |
| भैंसी | | | | | | | | | | |
| बाखा | | | | | | | | | | |
| बंगुर | | | | | | | | | | |
| पन्छी | ब्रोइलर........... लेयर्स................ हाँस............. अन्य.................. | | | | | | | | | |

**३. फार्मको भौतिक विवरणः**

३.१ जग्गाः

३.२ गोठ/खोरः

३.३ मलखाल्डोः

३.४ बारबेराः भएको/नभएको, मूलगेटः भएको/नभएको

३.५ यन्त्र उपकरणहरुः

३.६ अन्यः

**४. आहारा सम्बन्धि विवरणः**

४.१ हाल स्टकमा रहेको आहारको विवरणः

४.२ हाल प्रति दिन पशुले उपभोग गरीरहेको आहारा र तीको परिमाणः

४.३ साइलेज वा नयाँ आहारा उत्पादन प्रविधि सम्बन्धी विवरणः

**५. उत्पादन तथा बिक्री सम्बन्धि विवरणः**

**६. फार्म व्यवस्थापन सम्बन्धी विवरणः** (कामदार, तालिम, सरसफाई आदि)

**७.पशु प्रजनन् सम्बन्धि विवरणः**

७.१ पहिलो बेतमा बाली जाने उमेरः

७.२ बेतको अन्तरालः

७.३ प्रजनन् विधिः कृ.ग./प्रा.ग.

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

७.४ गर्भ तुहिने प्रतिशतः

७.५ उल्टिने समस्याः

७.६ साल अड्किने समस्याः

७.७ अन्य समस्याः

**८.पशु स्वास्थ्य तथा जैविक सुरक्षा सम्बन्धि विवरणः**

८.१ परजिवी विरुद्धको औषधीको प्रयोगको अवस्था

८.२ खोपः

८.३ रोगको अवस्थाः

८.४ प्राविधिक सेवाको अवस्थाः

८.५ अन्य समस्याः

**९.आर्थिक पक्षः**

**१०. घुम्ति शिविर/कार्यक्रमबाट फार्मलाई उपलब्ध गराइएको सेवा तथा सामाग्रीः**

**११.अन्य पक्ष तथा फार्मको वर्तमान अवस्था मूल्यांकनः**

| PointAspects | Total | Obtained | Remarks |
|---|---|---|---|
| **1. DAIRY FACILITIES - GENERAL** | | | |
| 1 A. Hygiene And Maintenance | 10 | | |
| 1 B. Structure And Equipment | 10 | | |
| **2. MILKING FACILITIES - GENERAL** | | | |
| 2 A. Hygiene And Maintenance | 10 | | |
| 2 B. Structure And Equipment | 10 | | |
| **3. UDDER CLEANLINESS** | | | |
| **3 A. Udder Health** | 10 | | |
| 3 B. Udder Hygiene | 10 | | |
| 4. DAIRY HERD HEALTH & ANIMAL WELFARE | 10 | | |
| 5. SUSTAINABILITY & GENERAL EFFICIENCIES | 20 | | |
| 6. ENVIRONMENTAL MANAGEMENT | 10 | | |
| **Total** | 100 | | |

**१२. निरीक्षक/विज्ञ टोलीबाट दिएको सुझावहरुः**

**फार्म धनिकोः**

नामः

हस्ताक्षरः

**निरीक्षक/विज्ञकोः**

नामः

हस्ताक्षरः

**प्रदेश सचिव**

मा. इस्माईल मन्सुरी
मन्त्री

## अनुसूची-५

### परिच्छेद २ को कार्यक्रम नं. ९ को खण्ड (ख) सँग सम्बन्धित

### पशु स्वास्थ्य तथा बाँझोपना शिविरमा सहभागी हुने विज्ञ सहितको प्राविधिक टोली

पशु स्वास्थ्य तथा बाँझोपन शिविर संचालन गर्दा विज्ञ सहितको प्राविधिक टोली सहभागी हुनु पर्नेछ र उक्त टोलीमा कम्तिमा निम्नानुसारको प्राविधिक तथा कर्मचारीहरुलाई समावेश गराउनु पर्नेछ।

| | |
|---|---|
| १. दर्तावाल पशु चिकित्सक- | २ जना |
| २. पशु विज्ञान विशेषज्ञ - | १ जना |
| ३. पशु स्वास्थ्य तथा पशु सेवा प्राविधिक अधिकृत- | २ जना |
| ४. पशु स्वास्थ्य/सेवा प्राविधिक- | २ जना |
| ५. नायक पशु स्वास्थ्य/सेवा प्राविधिक- | ४ जना |
| ६. सहयोगी कर्मचारी- | २ जना |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

अनुसूची- ६

परिच्छेद २ को कार्यक्रम नं. १६ को खण्ड (ग) सँग सम्बन्धित

खोप कर्तालाई उपलब्ध गराउनु पर्ने सामाग्रीको विवरण

| S No. | Logistic item | Packaging | FMD Vaccination | PPR Vaccination | HS-BQ and LSD Vaccination | Swine fever Vaccination | Ranikhet Vccination | Other Vaccine for Epidemic control | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| A | **Surgical Item** | | | | | | | | |
| 1 | Syringe | 10 ml size | 1 per 5 animal | 1 per 30 animal | 1 per 10 animal | | | | In case of FMD, HS-BQ and LSD Vaccination program: 1 syringe per animal can be used if approved budget permits. |
| 2 | Syringe | 5 ml size | 1 per 5 animal | 1 per 15 animal | 1 per 10 animal | | | | |
| | Syringe | 3 ml size | 1 per 3 animal | 1 per 10 animal | 1 per 5 animal | 1 per 10 animal | 1 per 500 birds | | |
| 3 | Needle | 18 gauze size | 1 per animal | 1 per 10 animal | 1 per animal | 1 per 5 animal | | | |
| 4 | Spirit | 100 ml bottle | 1 per 500 animal | 1 per 500 animal | 1 per 500 animal | 1 per animal | 0 | | |
| B | **Non surgical Item** | | | | | 1 per 500 animal | 0 | | |
| 5 | Gloves | 100 pcs pkt | 1pcs per 10 animal | 1pcs per 20 animal | 1pcs per 10 animal | 1pcs per 10 animal | 1pcs per 100 birds | | |
| 6 | Cotton | 100 gm roll | 1 per 500 animal | 1 per 500 animal | 1 per 500 animal | 1 per 500 animal | | | |
| 7 | Phenyl/Disinfectant | 1 litre pack | 1 per 50 animal | 1 per 50 animal | 1 per 50 animal | 1 per 50 animal | | | |
| 8 | Mask | 100 pcs pkt | 1pcs per 10 animal | 1pcs per 20 animal | 1pcs per 10 animal | 1pcs per 10 animal | 1pcs per 100 birds | | |
| 9 | Diluent /Normal saline | 500 ml bottle | as per necessity | as per necessity | as per necessity | as per necessity | | | |
| 10 | Dropper for Ranikhet | Pcs | | | | | 1 per 10 birds | | |
| 11 | Albendazole | 30 ml phial | | | | | 1-2 ml per bird | As per situation and based on disease type and species | |
| 12 | Hand sanitizer | 300 ml bottle | 1 per vaccinator | 1 per vaccinator | 1 per vaccinator | 1 per vaccinator | 1 per vaccinator | | |
| 13 | Hand Wash liquid soap | 100 ml bottle | 1 per vaccinator | 1 per vaccinator | 1 per vaccinator | 1 per vaccinator | 1 per vaccinator | | |
| C | **Stationaryand Other item** | | | | | | | | |
| 14 | Vaccine Card | 50s pkt | based on vaccine dose | | | | | | |
| 15 | Vaccination Report Format | 50s pkt | based on vaccine dose | | | | | | |
| 16 | Permanent Marker | pcs | 6 per vaccinator | | | | | | |
| 17 | Record file Ring type | Pcs | 3 per vaccinator | | | | | | |
| 18 | Ball Pen | Pcs | 6 per vaccinator | | | | | | |
| 19 | Spiral Diary | | 2 per vaccinator | | | | | | |
| 20 | Medium size Caarier bag | | 1 per vaccinator | | | | | | |
| 21 | Cool Box | | 1 per vaccinator | | | | | | |
| D | **Miscellaneous** | items | decided as per the requirement: sprayer, etc. | | | | | | |

*Note: Items can be edited if required.*



प्रदेश सचिव

## अनुसूची -७
## परिच्छेद २ को कार्यक्रम नं. १६ को खण्ड (ग) सँग सम्बन्धित

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र............

**खोरेत /पीपीआर/ एचएसबीक्यु /स्वाईन फिवर /रानीखेत खोप अभिलेख फारम**

स्थानीय तहको नाम:

आ.व.:

| सि.नं. | पशुधनीको नाम | वडा नं. | पशुपन्छी संख्या | | | | | | | कृषकको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | FMD/HS-BQ | | PPR | | CSF | ND | कुल जम्मा | |
| | | | गाई | भैसी | बाखा | भेडा | बंगुर | कुकुरा | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

| | | |
|---|---|---|
| खोप कर्ताको सही :<br>नाम :<br>ठेगाना:<br>मिति: | सिफारिस गराउनु पर्नेछको प्राविधिक सही :<br>नाम :<br>छाप | प्रमाणित गराउनु पर्नेछस्थानीय तहको प्रमुख/वडा अध्यक्ष वा प्र.प्र.अधिकृतको सही :<br>नाम :<br>छाप |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

## अनुसूची-८

### परिच्छेद २ को कार्यक्रम नं. १६ को खण्ड (ग) सँग सम्बन्धित

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र..............**

**खोप अभिलेख कार्ड**

पशुधनीको नाम : सम्पर्क मोबाईल नम्बर :

ठेगाना:म.न.पा/न.पा/गा.पा:..................................वडा नं :............टोल :................... GPS:.........

### खोपको किसिम तथा खोप लगाईएको पशु संख्या विवरण

| पशुको किसिम / खोपको किसिम | खोप लगाएको मिति | गाई | बाच्छा बाच्छी (६ महिना माथि) | भैंसी | पाडापाडी (६महिना माथि) | माउ बाखा | बाखाको पाठापाठी (३ महिना माथि) | भेडा | भेडाको पाठापाठी (३ महिना माथि) | बगुर, बीर तथा भुनी | कुखुरा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पी.पी.आर. | | | | | | | | | | | | |
| खोरेत | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| स्वाईन फिवर | | | | | | | | | | | | |
| भ्यागुते/चरचरे | | | | | | | | | | | | |
| रानिखेत | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | |

*नोटः बक्समा खोप लगाइएको पशुको संख्या प्रविष्ट गराउनु पर्नेछ ।*

खोप कर्ताको सही :.................

खोप कर्ताको नामः

मितिः

कृषकको सही :.................

प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

## अनुसूची-९
## परिच्छेद २ को कार्यक्रम नं. १६ को खण्ड (घ) सँग सम्बन्धित

| क.सं. | खोपको प्रकार | भौगोलिक क्षेत्र | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (रु. प्रति पशु) |
|---|---|---|---|---|
| १. | खोरेत | हिमाली तथा पहाडी क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ३०। (रु. तीस मात्र) |
| | | | भेंडा, बाखा | रु. २०। (रु. बीस मात्र) |
| | | तराई क्षेत्र | गाई, भैंसी, वंगुर | रु. २५। (रु. पच्चीस मात्र) |
| | | | भेंडा, बाखा | रु. १५। (रु. पन्ध्र मात्र) |
| २. | पि.पि.आर. | हिमाली, पहाडी र तराई क्षेत्र | भेंडा, बाखा | रु. ५। (रु. पाँच मात्र) |
| ३. | क्लासिकल स्वाईन फिवर | हिमाली, पहाडी र तराई क्षेत्र | भेंडा, बाखा | रु. ५। (रु. पाँच मात्र) |
| ४. | लम्पी स्किन डिजिज | हिमाली, पहाडी क्षेत्र | गाई, भैंसी | रु. १५। (रु. दश मात्र) |
| | | तराई क्षेत्र | गाई, भैंसी | रु. १०। (रु. दश मात्र) |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

अनुसूची-१०

परिच्छेद २ को कार्यक्रम नं. १८ को खण्ड (ग) सँग सम्बन्धित

**Veterinary Hospital &Livestock Service Expert Center……………………**

## ANTI-RABIES VACCINATION RECORDCARD

| Date of Vaccination | Name of vaccine | Next due date | Signature |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

## अनुसूची-११

### परिच्छेद ४ को कार्यक्रम नं. ३५.१ को खण्ड (ग) सँग सम्बन्धित

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...............**

**कृत्रिम गर्भाधान (कृ.ग.) कार्ड**

पशुधनीको नाम : सम्पर्क मोबाईल नम्बर :

ठेगाना : म.न.पा/न.पा/गा.पाः ......................................... वडा नं.:............टोल :.....................

पशुको किसिमः गाई/भैंसी/बाखा/बंगुर जात/ब्रिड...................

| कृ.ग. गरेको मिति | भालेको ब्रीड | सिमेनको विवरण/ID | गर्भ परीक्षण गर्नुपर्ने मिति | कृ.ग.कर्ताको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार

अनुसूची-१२

परिच्छेद ५ को कार्यक्रम नं. ४१ को खण्ड (ख) सँग सम्बन्धित

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...............

पशुपंछी जन्य पदार्थहरुको मासिक मूल्य विवरण

आ.व.महिनाः

| विवरण | दुग्ध पदार्थ | | | | | | | पशुपन्छी जन्य मासु | | | | | | | | | अण्डा | | पशूपंछीजीवित तौलको आधारमा | | | | काँचोछाला | | विषेशप्रयोजनको लागि | | | दाना बनाउने कच्चा पदार्थ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाइको दुध | भैसीको दुध | दहि | घिउ | पनिर | छुर्पि | आइसक्रिम | रांगो | खसि | बोका | थुमा | बंगुर | सुंगुर | ब्रोईलर | लेयर्स कुखुरा | स्थानीय कुखुरा | कुखुरा | हांस | खसि/बोका | बाखी/भेंडा | स्थानीय कुखुरा | ब्रोइलर | ठुलो पशु | सानो पशु | हलगोरु हरियाना | हलगोरु स्थानिय | हलगोरु अन्यजातका | मकै | कुटो | भटमासपिना | तोरीपिना | माछाधुलो | अन्य |
| जिल्ला | रुपैया प्रति लि. | | रु.प्रति के.जी | | | | | रुपैँया प्रति केजी | | | | | | | | | रुपैया प्रति गोटा | | रुपैया प्रति केजी | | | | रुपैया प्रति गोटा | | रु. हजारमा प्रति जोडा | | | रुपैया प्रति केजी | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

अनुसूची-१३

परिच्छेद ६ को कार्यक्रम नं. ४३ को खण्ड (ग) सँग सम्बन्धित

...............................कार्यक्रमको प्राबिधिक प्रतिबेदन

भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र...............को आ.ब..................को स्वीकृत ...................................................................कार्यक्रममा लाभग्राही तथा क्षेत्र छनौटका लागि स्थलगत अनुगमन गरी प्राबिधिक प्रतिबेदन तयार गरीएको छ।

| आधारहरु | विवरण | कैफियत |
|---|---|---|
| प्रस्तावक सँस्थाको नाम | | |
| ठेगाना | | |
| क्षेत्रमा समिटिने लाभग्राही र लाभग्राहीको दर्ता नं., मिति र निकाय | | |
| श्रोत केन्द्रको पशु किसिम, संख्या र पशुको नश्ल | | |
| श्रोत केन्द्रको समग्र उत्पादन स्थिति | | |
| पशुपालनको पूर्वाधार तथा उपकरणको अवस्था | | |
| प्राविधिकको उपलव्धता | | |
| पशु नश्ल तथा पाठा/पाठी/बाच्छी/बाच्छा बिक्रीको अवस्था | | |
| बिस्तारका मूख्य सम्भावनाहरु | | |
| आबस्यक प्रवर्द्धनात्मक कायर्हरु | | |
| सिंचाई सडक सेवा प्रदायक संस्था बिजुलि पानि दुध संकलन आदिको अवस्था | | |
| पशु र पशुजन्य उत्पादनको बजारको स्थिति | | |
| अन्य विवरण | | |

प्रदेश सरकार, कृषि तथा सहकारी मन्त्रालय, ... प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सूरी
मन्त्री

अनुसूची-१४

परिच्छेद ६ को कार्यक्रम नं. ४३ को खण्ड (ग) सँग सम्बन्धित

..............................को क्षेत्र र लाभग्राहि छनौटकालागि मुल्यङ्कन मापदण्ड

| क्र.सं. | सुचाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क | जम्मा प्रासाङ्क अङ्क |
|---|---|---|---|
| १. | कार्यक्रमको क्षेत्रका लाभान्वित समुहफार्म आदि/समिति/ संस्था/सहकारि/ | १० | |
| २. | प्रस्तावित कार्यले समेटने पशु संख्या/उत्पादन | १० | |
| ३. | सामाजिक एवंक लैङ्गिक सहभागिता (दलित आदि/पुरुष/महिला) | १० | |
| ४. | प्रस्ताबित कार्यले पुग्ने सहयोग तथा उद्देश्य प्राप्ति | १५ | |
| ५. | प्रस्तावित कार्यले सृजना गर्ने अवसर | १० | |
| ६. | प्रस्तावित बालीवस्तुको भोगौलिक एवँ प्राविधिक उपयुक्तता/ | १० | |
| ७. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पुरा भएको | ५ | |
| ८. | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका समूह /सँस्था/सहकारी/ फर्महरु/समितिआदि | ५ | |
| ९. | सहभागी /लक्षित वर्गको योगदान र प्रतिवद्धता | ५ | |
| १०. | प्रस्तावित बाहेक परियोजनाबाट लाभान्वित हुन सक्ने अन्य (सहायक) लाभान्वित वर्गहरु | ५ | |
| ११. | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | ५ | |
| १२. | आवेदकको सँस्थागत क्षमता तथा कार्य अनुभव | ५ | |
| १३. | प्रस्तावित कार्य कृषकको माग एव आवश्यकता अनुरुप रहेनरहेको/ | ५ | |
| | जम्मा | १०० | |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

## अनुसूची-१५
## परिच्छेद ६ को कार्यक्रम नं. ४३ को खण्ड (ग) सँग सम्बन्धित
### चेकलिष्ट

| क.सं. | चेकलिष्ट | मापदण्ड पूरा गरेको | | |
|---|---|---|---|---|
| | | छ | छैन | सूचना छैन |
| १. | उद्देश्य तथा अपेक्षित प्रतिफल प)रिमाण र प्रतिफल ( | | | |
| २. | तोकिएको भोगौलिक क्षेत्र उपयुक्त | | | |
| ३. | सवल लाभदायक | | | |
| ४. | लाभग्राहीको प्रक्रिति र दक्ष जनशक्तिको पर्याप्त मात्रामा सँलग्नता | | | |
| ५. | अपेक्षित प्रतिफल प्राप्त गर्न पर्याप्त | | | |
| ६. | प्रस्तावित क्रियाकलापहरु उल्लेखित बजेट सीमा भित्र प्राप्त गर्न सकिने | | | |
| ७. | प्रस्तावित क्रियाकलापहरु तोकिएको समयसीमा भित्र सम्पन्न गर्न सकिने | | | |
| ८. | अन्य स्रोतबाट पनि बजेट विनियोजन भई दोहोरोपना | | | |
| ९. | क्रियाकलाप संचालनमा प्रर्याप्त संभावना | | | |
| १०. | कुनै किसिमको नकारात्मक असर पर्ने संभावना | | | |
| ११. | कार्यन्वयनको कारणले समुदाय समुदाय बिच विवाद आउने संभावना | | | |
| १२. | अन्य | | | |

**स्थलगत निरिक्षण पश्चातको निर्णय**

| निर्णय | चिन्ह )✓( लगाउनुहोस् |
|---|---|
| कार्यान्वयन गर्न उपयुक्त छ | |
| कार्यान्वयन गर्न उपयुक्त छैन | |

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल